जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १६९ • २०८१ साल कार्त्तिक ३० गते शुक्रबार (15 November, Friday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५1-

## मधेश प्रदेशमा उपभोक्ताबाट काम हुने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले नीति तथा कार्यक्रममा घटाघट प्रक्रियाबाट मात्र विकास निर्माणको कार्य गर्न जनाएको प्रतिबद्धतालाई उल्टाएको छ ।

सरकारले उपभोक्ता समिति मार्फत काम गर्ने निर्णय गरेसँगै अर्थमन्त्रालयले अन्य मन्त्रालयहरुको विकास सम्बन्धी बजेट 'अनलक' गेरेको छ। उपभोक्ता समिति मार्फत काम गर्न सरकारको नीति तथा कार्यक्रम अबरोधक बनेकै कारण मन्त्रालयहरुको विकास सम्बन्धी बजेट अर्थ मन्त्रायले 'लक ' गेरेको थियो।

सभासदको दवाब र सरकारको चाहना मिलेपछि उपभोक्ता समिति मार्फत विकासको काम गराउन सहमति जुटेको छ ।

विगतमा उपभोक्ता समितिबाट विकास निर्माणको काम हुँदा नेताहरुले योजना बेचेको आरोप लागेको थियो। समयमै काम सम्पन्न नहुँदा भुक्तानीको समस्या र उपभोक्ता समिति बनाउन हुने विवादको कारण जनमत पार्टीले त्यो प्रक्रियालाई अन्त्य गर्ने प्रतिबद्धता नीति तथा कार्यक्रम मार्फत जनाएको थियो। सरकार आफैले ल्याएको नीति तथा कार्यक्रममा व्यक्त गरेको प्रतिबद्धता विपरीत काम गरे मुद्दा हाल्ने तयारी समेत भएको बताइएको छ।

### सरकारसित सत्तारुढ दलकै नेताहरु असन्तुष्ट

# कामकाज सुस्त भएको हिसाब मुख्यमन्त्रीसित लिने, जनमत नै आक्रोशित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा जनमत पार्टी नेतृत्वको सरकारले ४ महिना पूरा गरे पनि कामकाज सुस्त भएकाले सत्तारुढ दलका नेताहरु असन्तुष्ट बनेका छन् ।

मुख्यमन्त्री सतीशकुमार सिंह कै दल जनमत पार्टीका सभासदहरु बढी आक्रोशित देखिएका छन् । ४ महिना बितिसक्दा पनि सरकारले गति लिन नसक्दा जनतामा चरम असन्तुष्टि देखिएको नेताहरुको ठहर छ ।

जनमत पार्टीको आह्वानमा सत्तारुढ गठबन्धन दलका नेताहरुको बिहीबार बसेको बैठकमा सरकारले कामकाज गर्न नसकेको भन्दै आलोचना गरिएको छ ।

जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवको अध्यक्षतामा बसेको सो बैठकमा सरकारले हालसम्म काम नै गर्न नसकेको नेताहरुले निष्कर्ष निकालेका छन् । उनीहरुले विकासको बजेट खर्च हालसम्म ५ प्रतिशत समेत हुन सकेको छैन ।

मुख्यमन्त्री भाषण बाहेक अन्य कुनै काममा चासो नदेखाएको दलका नेताहरुको आरोप छ। जनताले अनुभूति गर्ने र दीर्घकालीन असर हुने कार्यक्रमहरुलाई उपेक्षा गरिएको नेताहरुले स्वीकारेका छन् । 'सरकारको कामकारबाही सुस्त हुनुको कारण पहिल्याउन मुख्यमन्त्री सिंहसहित सबै मन्त्रीहरुलाई राखेर छलफल गरिने सहमति भएको छ' जनमत पार्टी दलका नेता यादवले भने, कुनै एकजनालाई दोष दिनुभन्दा सुस्त रहेको कारण पत्ता लगाइनेछ।

नेता यादवले सरकार सुस्त भएको, बजेट खर्च गर्न नसकेको, काम प्रभावकारी नभएर जनतामा निराशै निराशा, गुनासै गुनासा रहेको विषय उठेको बताए ।

'काम गर्न नसकेकाले जनतामा सरकारप्रति निकै निराशा, गुनासा , विगतको सरकार भन्दा पनि खतम छन् भन्ने टिप्पणी हुन थालेको छ ' उनले भने, नेतृत्वकर्ता दलको हैसियतले



बदनामी हुन थालेपछि जनमत संसदीय दलको आह्वानमै गठबन्धनको बैठक बसेको हो ।'

संसदीय दलको बैठक जनमत पार्टी संसदीय दलको कार्यालयमा बसेको थियो । बैठकमा एमाले दलका नेता समेत रहेका भौतिक पूर्वाधार मन्त्री सरोज कुमार यादव, नेपाली कांग्रेस दलका नेता एवं पूर्वमन्त्री कृष्णा यादव र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) दलका उपनेता उपेन्द्र महतोको सहभागिता रहेको थियो ।

सरकारले कामकाज अगाडि बढाउन नसकेको सबै नेताहरुको स्वीकारोक्ति रहेको लोसपा नेपालका उपनेता महतोले बताए । 'सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीपनि सन्तुष्ट छैन' उनले भने, बिहीबार दलका नेताहरुको बैठक जनमत पार्टीको अग्रसरतामा भएको थियो ।

बैठकमा मुख्यमन्त्री सहित सबै मन्त्रीलाई राखेर गठबन्धनका अन्य दलको कार्यालयमा बस्ने सहमति भएको उनले बताए । 'आगामी बैठकहरुमा मुख्यमन्त्रीको अनिवार्य उपस्थिति गराइने छ' महतोले भने, सत्तागठबन्धनको सबै विषय मुख्यमन्त्रीसित नै सम्बद्ध रहेकाले उनको अनिवार्य उपस्थिति गराइने सहमति भएको छ। मुख्यमन्त्री सिंह अचानक काठमाण्डु गएकाले बैठकमा ठोस निर्णय हुन सकेन ।

बैठक जनमत पार्टीले नै बोलाएकोले अन्य दलका नेताहरु समेत चकित थिए। उनीहरुले सरकारको गतिविधि प्रति अन्य दलहरुको तुलनामा जनमत पार्टीमा नै बढी आक्रोश देखिएको महसुस गरिएको बताए । मुख्यमन्त्री सिंहको पार्टी भित्र आलोचना व्यापक हुन थालेको बताइन्छ।

मुख्यमन्त्रीको कामको पनि आन्तरिक रुपमा मूल्यांकन भइरहेको नेता यादवले बताए। 'पार्टीमा सबैको मूल्यांकन हुने गर्छ ' उनले भने, सरकारले गति नलिए पार्टीको पनि आलोचना हुन थालेको छ।

बैठकमा सहभागी एकजना नेताका अनुसार जनमत पार्टी भित्रको कलहले सरकारमा असर परेको छ। मुख्यमन्त्री सिंह भाषणमुखी भएको र जनमुखी कार्यप्रति पूर्ण रुपमा उदासीन रहेकोले प्रदेशमा सरकार भएको अनुभूति जनताले गर्न नसकेको ती नेताले बताए।

विगतमा पनि मुख्यमन्त्री सिंहलाई जनमत पार्टीले स्पष्टीकरण सोधेको थियो । उनलाई भाषण केन्द्रित रहेको र विकासको बजेट सभासदहरुलाई बितरण गरेको आरोप पार्टीले सार्वजनिक रुपमा लगाएको थियो । तर मुख्यमन्त्री त्यो प्रकरणमा पार्टीका राष्ट्रिय अध्यक्ष डा.सी.के.राउतलाई 'म्यानेज' गरेको थियो।


तर यस पटक अध्यक्ष राउतकै निर्देशनमा गठबन्धन दलका नेताहरुको बैठक बोलाइएको बताइएको छ । अनौपचारिक रुपमा जनमतका एकजना सभासदले यसको पुष्टि पनि गरेका छन् ।

पछिल्लो असन्तुष्टिलाई मिलाउन मुख्यमन्त्री बिहीबार नै काठमाण्डु गएका छन् । उनले अध्यक्ष राउतलाई विश्वासमा लिने हरसम्भव प्रयास गर्ने बताइएको छ। तर प्रदेशमा बजेट नचलेको कारण मुख्यमन्त्री सिंहले सरुवा बाहेकमा 'कमाई' गर्न नसकेको स्रोतले जनाएका छन्। स्रोतका अनुसार नेकपा एमाले र नेपाली कांग्रेसबाट मन्त्री भएकाहरुले मुख्यमन्त्री सिंहलाई टेर्दैनन् ।

सरुवामा सर्वाधिक रकमको चलखेल अर्थ र स्वास्थ्य मन्त्रालयमा भएको छ । अर्थमन्त्री सुनिल कुमार यादव र स्वास्थ्य मन्त्री सत्रुधन प्रसाद सिंह कोइरीले सरुवा र नियुक्तिमा खुलेआम रकम असुल्ने गरेको आरोप छ।







# पशुपति गौशाला धर्मशालामा मारवाडी सेवा समितिको मोहियानी हक लाग्दैन : अदालत



काठमाण्डु । काठमाडौँ जिल्ला अदालतले २१ वर्षदेखि मारवाडी सेवा समितिको कब्जामा रहेको पशुपति क्षेत्र विकास कोष स्वामित्वको पशुपति गौशाला धर्मशालाको जग्गाजमिनमा मोहियानी हक नलाग्ने फैसला गरेको छ।

न्यायाधीश कमलप्रसाद पोखरेलको इजलासले गत असोज १६ गते गरेको फैसलाको पूर्णपाठमा पशुपति गौशाला धर्मशालाको साविक पशुपति वडा नं. २ को कित्ता नम्बर ८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर ८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने ठह-याएको छ। समितिले धर्मशालाको जग्गामा आफ्नो मोही हक दावी गरेपनि सो जग्गामा मोही रहेको तथ्य अस्वीकार गरिएको फैसलामा उल्लेख छ।

'साविकदेखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको देखिँदैन । सो तथ्यलाई वादी मारवाडी सेवा समितिले २०६० जेठ १२ गते पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा स्वीकार गरेको देखिन्छ,' फैसलामा भनिएको छ।

फैसलामा जग्गा श्री पशुपति अमालकोट कचहरीमा दर्ता भएको गुठीको जग्गा भन्ने तथ्यमा विवाद नदेखिए पनि श्री पशुपतिनाथ अमालकोट कचहरीबाट मोही दर्ता भई मोही दर्ताको प्रमाणपूर्जा प्राप्त गरेको भनी सोको छायाँप्रति पेश गरी सो दर्ता अभिलेखमा दावीको जग्गाको मोही महलमा श्री पशुपति गौशाला धर्मशाला रहेको तथ्यलाई मुख्य आधार लिएको देखिएको उल्लेख छ।

'वादी (समिति) आफैँले गरेको करार सम्झौताको शर्तबाट यी बादी विवन्धित रहेको हुँदा दावीको जग्गामा आफ्नो मोही हक रहेको छ भनी भन्न पाउने अवस्था देखिँदैन । साथै सर्वोच्च अदालतबाट आफै पक्ष भएको फैसलालाई अवज्ञा गर्ने छुट यी वादीलाई नभएकाले उक्त जग्गामा मारवाडी सेवा समितिलाई मोही हक दावी गर्ने कुनै आधार देखिएन,' फैसलामा भनिएको छ ।फैसलामा 'सार्वजनिक सम्पत्तिको विषयमा मनोमानी एवं अपारदर्शी ढङ्गले सम्झौता गरिएका रहेछन् भने त्यसरी गरिएका सम्झौता अपरिवर्तनीय हुन्छन् भन्ने अर्थ गर्न मिल्ने देखिँदैन' भनिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०६० जेठ १२ गते भएको सम्झौतामा समयावधि उल्लेख नभएकाले समयावधि किटान गरी सम्झौता गर्न, विशेष अदालतले २०६७ जेठ ३१ गते गरेको फैसला र सर्वोच्च अदालतले २०६८ असार २७ गते गरेको फैसलामा वार्षिक रु ५१ हजार बुझाउनेलगायत सम्झौताको शर्त संशोधन गर्न सकिने भए पनि त्यसो नगरिएका कारण सम्झौता खारेज गर्ने कोषको २०८० साउन १७ गतेको निर्णय सदर हुने फैसला अदालतले गरेको हो।

फैसलामा सार्वजनिक सरोकारको, धार्मिकस्थलको जग्गा तथा भौतिक संरचनाको उपयोग एवं संरक्षणको जिम्मेवार रहेको पदाधिकारीले त्यस्तो सम्पत्तिको संरक्षण र उपयोगको व्यवस्थापन गर्दा पूर्णजवाफदेही एवं पारदर्शी ढंगले हुनुपर्ने भनिएको छ।

समितिले सम्झौता रद्द गर्ने निर्णयपछि कोषसहितलाई विपक्षी बनाई २०८० साउन २४ गते काठमाडौँ जिल्ला अदालतमा मुद्दा दायर गरेको थियो ।कोषका सदस्य सचिव डा मिलनकुमार थापाले अदालतबाट पशुपतिनाथको सम्पत्ति फिर्ता भएसँगै अब सरकारी निकायकै समन्वयमा गैरनाफामूलकरुपमा सञ्चालन गरिने बताउनुभयो । विगतमा पशुपतिनाथको सम्पत्ति स्वार्थ समूह र नियोजितरुपमा कुनै समूहलाई दिने सम्झौता भए पनि त्यसलाई न्यायालयले सच्याइसकेकाले पशुपति गौशाला धर्मशाला अब पूर्णतःफिर्ता भएको उल्लेख गर्नुभयो।

मारवाडी सेवा समितिले २०६० मा श्रीपशुपतिनाथ अमालकोट कचहरी (हाल पशुपति क्षेत्र विकास कोष)सँग भएको सम्झौताअनुसार वार्षिक रु ५१ हजार 'सहयोग' बुझाएर होटल, लज, रेस्टुरेन्ट, डायलासिस सेन्टर सञ्चालन गरी र जर्सी गाई पालेर व्यापार गर्दै आएको थियो।संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री एवं कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको अध्यक्षतामा गत असोज २० गते बसेको बैठकले धर्मशाला कोष आफैँले सरकारी निकायको समन्वयमा सञ्चालन गर्ने निर्णय गरेको छ। समितिको दाबी नपुग्ने फैसलापछि कोषले असोज २२ गते महानगरसँग पशुपति गौशाला धर्मशाला सञ्चालन र व्यवस्थापन गर्ने सहमति गरेको छ।

**गौशाला धर्मशालाको इतिहास**

विसं १९९९ जेठ ५ गतेको पुर्जीले पशुपतिमा छोडिएका दुध कटुवा नन्दी (साँढे)को संरक्षणका लागि जुनेलो घाँस लगाउन हरिनारायण भनिने रामकुमार मारवाडीलाई एक रोपनी दुई आना जग्गा उपलब्ध गराएको दस्तावेजमा उल्लेख छ । साविक पशुपति पञ्चायत वडा नं २ 'क' को कित्ता नं ८३ को चार रोपनी दुई आना र किनं ८५ को चार रोपनी १० आना गरी जम्मा नौ रोपनी नौ आना दुई पैसा जग्गामा कोही पनि मोही नरहेको तथ्य कोषको अभिलेखमा देखिन्छ।रासस

# सामा चकेवाः दाजुभाइ सम्झदै मिथिलानी



महोत्तरी । मधेशको प्राचीनकालदेखि सांस्कृतिक तथा लोकपरम्पराका चाडवाडको केन्द्र रहँदै आएको मिथिलाक्षेत्र अहिले सामाचकेवा पर्वको उत्कर्षमा छ। कात्तिक शुक्लपञ्चमी अर्थात् छठ पर्वको दोस्रो दिन शुरु भएर कात्तिक पूर्णिमाका दिन समापन गरिने यो पर्व अब समापनको सङ्घारमा छ । पर्व समापनको दिन नजिकिदै गर्दा मिथिलानी (मिथिलाका नारी) अहिले आफ्ना दाजुभाइ सम्झदैछन् । दाजुभाइ दिदीबहिनीबीच प्रेम र समर्पणको यो पर्व यसपालि आउने शुक्रबार पूर्णिमा तिथिका दिन समापन गरिने तयारी छ।

मिथिलानीले दाजुभाइको सौर्य वृद्धिको कामनासहित यो पर्व मनाउने परम्परा छ। मैथिल जनजिब्रोले 'सामा' भनिने यो पर्व ११ दिनसम्म मनाइन्छ । अब समापनको दिन अर्थात कात्तिक पूर्णिमा नजिकिदै गर्दा मिथिलानी आफ्ना दाजुभाइलाई पर्वको निम्ता दिन व्यस्त छन् । पर्व शुरु गर्न दाजुभाइ नचाहिए पनि यसको समापनमा भने विधि पूरा गर्न दाजुभाइ चाहिने हुँदा मिथिलानीहरुमा दाजुभाइको खोजी र सोधपुछ सुरु भएको हो। पर्वको समापनमा दाजुभाइबाट सामाचकेवा खेलका माटाका आकृति घुँडामा राखेर फुटाउन लगाउने विधि र उनीहरुलाई मिष्टान्न परिकार ख्वाउने परम्पराले दिदीबहिनी आफ्ना दाजुभाइलाई डाक्न अहिले व्यस्त भएका हुन्।

पूर्णिमा नजिकिँदै गर्दा दाजुभाइ को कहाँ छन् ? सबै दिदीबहिनीको चासो यसैमा केन्द्रित छ।

रोजगारीका लागि घर छाडेर बाहिर गएका दाजुभाइलाई पूर्णिमा नजिकियो भन्दै दिदीबहिनी जनाउ दिन्छन् । कामका क्रममा भारतसम्म गएका त अनुकूल मिलाएर आउँछन् पनि । तर यसबाहेकका अन्य मुलुक गएका दाजुभाइसँग त फोनबाट पर्वको शुभकामना दिएर नै चित्त बुझाउनु पर्ने दिदीबहिनी बताउँछन्। "भाइ कतारमा छ, दुई/तीन पटक फोन गरिसकेँ, उ यसपालि आउन पाउन्न रे" महोत्तरीको भङ्गाहा-३ की श्यामा चौधरी भन्नुहुन्छ, "उ आउँदा मलाई राम्रा लुगा कोसेली ल्याइदिन्छ रे ।" श्यामाजस्तै अन्य दिदीबहिनी पनि अहिले काममा बाहिर गएका दाजुभाइलाई फोन र अन्य माध्यमले सम्पर्क गरेर पर्वको शुभकामना दिदैछन् । यो पर्व विवाहित चेलीले दाजुभाइलाई आफ्नै घरमा बोलाएर सम्पन्न गर्छन् भने अविवाहित चेली र दाजुभाइको घर एकै हुँदा सँगसाथमै यो पर्व सम्पन्न हुन्छ।

"मेरो भाइ त नजिकै भारतमै छ, फोन गर्दा आउँछु भनेको छ" श्यामाकै छिमेककी सविता मण्डल भन्नुहुन्छ, "म उसका लागि मीठामीठा परिकार तयार गरेर राख्नेछु ।" भाइ भारतको सुरत शहरमा काम गर्न गएको भए पनि डाकेपछि उसले आउँछु भनेपछि मण्डल अहिले फुरुङ्ग हुनुहुन्छ।

सामा दाजुभाइप्रति प्रेम र समर्पण दर्शाउँदै उनीहरुको सौर्य बखान गरेर रातिको समयमा गीत गाउँदै मनाइने रमाइलो खेल पनि हो। सामान्य बोलीचालीमा मिथिलानी एकआपसमा 'सामा खेल्न जाउँ' भन्दै सल्लाह मिलाउँछन् । टोलबस्तीका मन मिल्ने साथी जम्मा भएर खेलिने सामा मिथिलानीहरुका लागि हाँसखेल र आपसी ठट्टा गर्न पाउने अवसर पनि हो। "अरुबेला घरको कामकाजले फुर्सद हुँदैन, सामाका बेला जम्मा भएर खेलसँगै दुःखसुखका कुरा र हाँसख्याल गरेर हलुको हुइन्छ" बर्दिबास-१२ की गीतादेवी महतो भन्नुहुन्छ,"यो पर्वले आफ्ना दाजुभाइको सम्झना गर्न, उनीहरुको उन्नतिको कामना गर्न, उनीहरुको बहादुरीको चर्चा गर्दै गौरवबोध गर्न र प्रेमपूर्ण सम्बन्ध विकासका लागि सुमधुर सम्बन्ध बढाउन खास अवसर दिएको छ।"

आफ्ना वरिपरिको परिवेशमा दाजुभाइले गरेका सकारात्मक सामाजिक कामको गीतमार्फत बढाइचढाइ गर्न मिथिलानी यसबेला चुक्दैनन् । "सामा खेलका ११ दिन यति रमाइला हुन्छन् कि यी दिन चाँडै सकिएजस्तो हुन्छ" महतो भन्नुहुन्छ ।सामा दिदीबहिनीका लागि घरमा भाउजु र भाइबुहारीको टोकसो व्यक्त गर्ने अवसर पनि हुन्छ। घरपरिवारमा मनमा बिझेका कति कुरा दिदीबहिनी सामाकै गीतमार्फत् व्यक्त गर्छन्।

*'सामा हम बनैलियै यो भैया, भउजी कैलखिन स्वर,*
*भउजीके वचन सुनियौ यौ भैया, हमरा परल बड्का तोड !'*

(अर्थात मैले सामा बनाए दाजु तर भाउजुले यसैबीच कराउनुभयो । मलाई भाउजुले लगाउनु भएका वचन सुन्नोस् तपाईंले, त्यसले मेरो मन बिझेको छ) घरका अमाजु/बुहारी र नन्द/भाउजुबीचका ठ्याकठुक पनि सामा गीतका भाका बनेर राति गुञ्जन्छन् । यस्ता गीतले घरघरमा अमाजु/बुहारी र नन्द/भाउजुबीचका तीतो सम्बन्ध पनि उजागर हुने गर्छ।

*'गामके प्रधान हमर भैया, पोखरी खुदाब हे,*
*चम्पा फूल रोप हे'*

(अर्थात गाउँको मुख्य मान्छे भन्ने नै मेरा दाजु हुन्, जसले गाउँमा पोखरी खनेर त्यसको डिलमा चम्पा फूल रोपेका छन्) पोखरी खनेर जगतको आवश्यकता पूर्ति गर्न र त्यसको डिलमा रोपिएको चम्पाको सुवासले गाउँ नै सुवासित बनाउने मेरा दाजु हुन् भन्ने भावको यो गीत सुन्दा यसअघि कुनैबेला दिदीबहिनीसँग ठ्याकठुक परेको रहेछ भने पनि दाजुभाइले पुरानो कुरा भुल्छन्। दिदीबहिनीको प्रेमले मख्ख पर्छन्।

*"कात्तिक मासे यौ भैया सामा लेलक अवतार,*
*सयौं बरख जियौ यौ भैया सामा लेलक अवतार'*

> कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्व योनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन पाइन्छ ।

(अर्थात हे दाजुभाइ हो, कात्तिक महिनामा सामा (खेलकी प्रमुख स्त्री पात्र) ले फेरि अवतार लिएकी छन्। तिमी सयौं वर्ष बाँच्छौ, सामा (बहिनीको भाव) ले फेरि अवतार लिइसकेकी छन्) दाजुभाइको दीर्घायुको कामनासँगै मिथिलानी उनीहरुको परोपकारी पक्षको भाव पनि सामा गीतबाटै व्यक्त गर्छन्। यस्ता गीत चकमन्न रातमा निकै परसम्म गुञ्जन्छन्। यो सुन्दा घरमा आफ्ना दिदीबहिनी नहुनेहरु थकथकिन्छन्। यसबाट घरमा छोराछोरीबीच हुने विभेद कम गर्न र छोरीको चाहना राख्न बल पुग्ने भङ्गाहा-४ का सामाजिक कार्यकर्ता गङ्गाराम महतो बताउनुहुन्छ।

*"चलु बहिना सामा खेल भैयाके आँगन हे..जुग जुग जियथिन भैया अपन हे...!'*

(अर्थात हिँड दिदीबहिनी हो, सामा खेल्न तयार भएकी एक महिलाले अर्की महिलालाई भन्दैछिन्) सामा खेल्न दाजुको आँगनमा जाउँ, हाम्रो कामनाले दाजुभाइ युगयुगसम्म बाँच्नेछन्) मिथिला लोकसंस्कृतिको अभिन्न अङ्ग रहेको सामाचकेवा पर्वले 'छोरी' नचाहिने भन्नेलाई पनि यो पर्वबीच 'छोरी' को रहर जगाउँछ। आफ्ना दाजुभाइ र दिदीबहिनी नहुनेले नजिकका नाताभित्र जोडेर यो पर्व मनाउँछन् ।पर्वमा मिथिलानीले सतभैया (सप्तर्षि), चुगला (कुरा लगाउने, कुरा काट्ने महाभारतकालीन 'चूडक' नाउँको एक पात्र), सामा र चकेवाका माटाका आकृति अगाडि राखेर गीत गाउँदै प्रत्येक दिन चुगलाको दाह्रीमा आगोले झोस्दै त्यो दिनको खेल सम्पन्न गर्ने गर्छन् । पर्वको अन्तिम दिन (कात्तिक पूर्णिमा) मा दाजुभाइका हातबाट ती आकृति घुँडामा राखेर फुटाउन लगाएर जोतिएको खेत वा निर्जन वनमा गाडेर पर्व समापन गरिन्छ। यस अवसरमा दिदीबहिनीले दाजुभाइलाई मिष्ठान्न परिकार खान दिन्छन् । यसैगरी दाजुभाइले गच्छेअनुसार दिदीबहिनीलाई वस्त्र र नगद दक्षिणावापत दिने गरेका छन्।

दाजुभाइ-दिदीबहिनीप्रति यस्तो प्रेम दर्शाउने यो पर्व करिब साढे पाँच हजार वर्ष पहिले द्वापर युगबाट शुरु भएको मिथिला संस्कृतिका जानकार बताउँछन् । द्वापर युगमा श्रीकृष्णकी छोरी सामाले चक्रधर (चकेवा) सँग प्रेम सम्बन्ध राखेको कुरा एउटा कुरौटे (चुगला)ले कृष्णलाई भन्दा छोरी स्वच्छन्द प्रवृतिकी भई भन्ने रीसमा दुबै (सामा र चकेवा) लाई चरा हुने श्राप दिएको पौराणिक कथा प्रसङ्गमा यो पर्वको परिवेश रहेको मिथिलामा विश्वास गरिन्छ। श्रीकृष्णको नारायणी सेनामा आबद्ध चूडक आफैं सामासँग विवाहका लागि उत्सुक रहेको हुँदा उसले चक्रधरसँगको प्रेम चुडाउन श्रीकृष्णलाई कुरा लाएको कथामा वर्णित छ।

कृष्णका श्रापले चरा भएर विचरण गरेकी बहिनी सामा र उनका प्रेमी चकेवाको मुक्तिका लागि कृष्ण पुत्र साम्बले शिवजीको तपस्या गरेर पिता रिझाउन सक्ने वरदान पाई कृष्णसँग गरेको याचनाबाट उनीहरु श्रापमुक्त भई पूर्व योनीमा आएर विवाह गर्न पाएका पौराणिक वर्णन पाइन्छ । दाजु साम्बको त्यही गुनलाई सम्झदै सामाले गाएकी गीतको यादमा दाजुभाइप्रति कृतज्ञता जनाउन सामाचकेवा पर्वको परम्परा बसेको मिथिला संस्कृति परम्पराका जानकार बताउँछन्। यो पर्वले दाजुभाइ दिदीबहिनीबीच सुमधुर र प्रेमपूर्ण सम्बन्धको अपिल गर्ने गरेको जलेश्वर-४ सुगाभवानीपट्टीका बासिन्दा कृष्णचन्द्र झाको धारणा छ।

मिथिलामा साउन पूर्णिमाको राखी, कात्तिक शुक्ल द्वितीयाको भैयादूज र कात्तिक शुक्ल पक्षको पञ्चमीदेखि पूर्णिमासम्म खेलिने सामा दाजुभाइ र दिदीबहिनीबीच प्रेमपूर्ण सद्भाव बाड्ने पर्व हुन् । यीमध्ये राखी र भैयादूजको कथाबस्तु दैत्यराज बलि र उनका बहिनीहरु गङ्गा जमुनासम्बन्धित छन्।

सामा भने श्रीकृष्ण पुत्र साम्ब र पुत्री सामाबीचको समर्पण र आदर्श दाजुबैनीको कथावस्तुमा आधारित भएको मटिहानीस्थित लक्ष्मीनारायण मठका सन्त तथा मिथिला लोकपरम्पराका ज्ञाता डा. रवीन्द्र दास वैष्णव बताउनुहुन्छ।रासस

# कूल गार्हस्थ वृद्धि गर्न उत्पादनका क्षेत्र बढाउनुपर्छः उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकशमान सिंहले कूल गार्हस्थ वृद्धि गर्न उत्पादनका क्षेत्र बढाउनुपर्नेमा जोड दिनुभएको छ। विहिबार नेपाल विद्युतीय व्यवसायी महासङ्घको आयोजनामा सुरु भएको 'फिन इलेक्ट्रो टेक २०२४' को शुभारम्भ गर्दै उहाँले उत्पादनको क्षेत्रलाई प्राथमिकतामा राख्न निजी क्षेत्रसँग आग्रह गर्नुभयो।

"नेपालको कूल गार्हस्थ उत्पादनलाई अभिवृद्धि गर्न उत्पादनको क्षेत्र बढाउनु आवश्यक छ। अहिले 'क्लिन इनर्जी' को आवश्यकता बढ्दै गएकाले स्वदेशमा पुग्ने विद्युत् उत्पादन गरेर निर्यात गर्नसक्ने अवस्था बनाउनेतर्फ सबै एकजुट भएर सहकार्य गर्नु जरुरी छ । नेपालमा बनेका सामग्री प्रयोग गर्न सके अर्थतन्त्रमा सकारात्मक परिणाम दिनेछ", उपप्रधानमन्त्री सिंहले



भन्नुभयो। उपप्रधानमन्त्री सिंहले नेपालको अर्थतन्त्रलाई चलायमान बनाउन वर्तमान सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको जानकारी दिँदै उद्योग वाणिज्य सङ्घ तथा निजी क्षेत्रका संस्थाहरुले उठाएका विषय सम्बोधन गर्न सरकार सकारात्मक रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "निजी क्षेत्रले उठाएका कुरालाई सरकारले सकात्मक रूपमा लिएको छ ।"भृकुटीमण्डपमा विहिबारदेखि सुरु भएको 'फिन इलेक्ट्रो टेक' आगामी मङ्सिर २ गतेसम्म सञ्चालन हुनेछ। प्रदर्शनीमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय इलेक्ट्रिक, इलेक्ट्रोनिक्स, सञ्चार एवं सूचना प्रविधि, विद्युतीय तथा वैकल्पिक ऊर्जा क्षेत्रका उद्यमीलाई एउटै स्थानमा जमघट गराई व्यावसायिक प्रवर्द्धन गर्नुको साथै उद्योगमा भएका नवीनतम उपलब्धिका बारेमा सूचना आदानप्रदान गरिने छ।रासस


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेश्रो पटक प्रकाशित मितिः २०८१/०७/३० गते**

यस कम्पनीको सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७१/०३/०५ गतेको पत्रबाट स्वीकृती प्राप्त भई साविक कम्पनी स्वस्तिक ईङ्गलिस बोर्डिङ्ग स्कुल जनकपुर प्रा.लि (Swostik English Boarding School Janakpur Pvt.Ltd) प्रा.लि. दर्ता नं. १२३७४६/७०/०७१ को नाममा रहेको सम्पूर्ण चल र अचल सम्पत्ति तथा तिर्नुपर्ने ऋण धन, कर, दायित्व आदि परिवर्तित नामको स्वस्तिक ईङ्गलिस बोर्डिङ्ग स्कूल प्रा. लि. (Swastik English Boarding School Pvt. Ltd.) ले सकार्ने व्यहोर्ने गरि कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराईन्छ।


## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : धन वृद्धि सञ्चय। |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख। |
| सिंह | : सुख समृद्धि हुने। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : अवसर प्राप्त। |
| वृश्चिक | : वाद विवादबाट बच्नु। |
| धनु | : नयाँ कार्य हुने। |
| मकर | : पुरस्कार प्राप्त लाभ। |
| कुम्भ | : बौद्धिक क्षमता। |
| मीन | : प्रतिभा सम्पन्नता। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको मिथिला बिहारी नगरपालिका-२ पुरनदाहास्थित ऐतिहासिक, सांस्कृतिक एवम् आध्यात्मिक सरोवर परशुराम तलाउको मध्यभागमा रहेको कमलको फूलमा नागसहित शिवलिङ्गको प्रतिमा। *तस्बिरः रासस*

# कमलदह मेलामा कुस्तीको 'क्रेज'

सिरहा । सिरहाको मिर्चैया नगरपालिका-९ मा अवस्थित पौराणिक तथा धार्मिक पर्यटकीयस्थल कमलदहमा हरिबोधनी एकादशीको अवसरमा लाग्दै आएको 'कमलदह धार्मिक हरिबोधनी एकादशी मेला'मा पहलमानबीच हुने कुस्ती खेलको 'क्रेज' बढ्दै गएको छ। मङ्गलबारदेखि सुरु भएको खेल हेर्न यहाँ हजारौँ दर्शकको भीड लाग्ने गरेको छ।



मेलामा आयोजित कुस्ती प्रतियोगिताको दोस्रो दिनसम्ममा नेपाल र भारतका विभिन्न ठाउँबाट पहलवान सहभागी भएका मेला समितिका अध्यक्ष रामअधार यादवले बताउनुभयो । उहाँले भन्नुभयो, "मेलालाई भव्य बनाउनका लागि विगतमा जस्तै यसपाली पनि नेपाल र भारतका नाम चलेका पहलवानको कुस्ती, मनोरञ्जनात्मक र सांस्कृतिक कार्यक्रम भइरहेका छन्।"

प्रत्येक वर्ष हरिबोधिनी एकादशीदेखि तीनदिनसम्म लाग्ने कमलदह मेलामा सिरहा, सप्तरी, धनुषा एवम् भारतको विभिन्न राज्यबाट श्रद्धालु भक्तजन आउने गर्दछन् । मेलामा अत्यधिक भीड हुने भएकाले शान्ति सुरक्षाका लागि सुरक्षा निकाय, स्थानीय स्वयंसेवक पनि खटिएको मेला समितिका अध्यक्ष यादवले जानकारी दिनुभयो । पौराणिक एवं धार्मिक महत्व बोकेको कमल फूलको नामले परिचित कमलदहमा स्नान गरेर पूजापाठ गरे मनोकाङ्क्षा पूरा हुने धार्मिक विश्वास रहेको छ। यहाँ स्नान एवम् पूजापाठ गर्न हरिबोधिनी एकादशीका साथै तीनै दिन भक्तजन तथा दर्शनार्थी आउने गर्दछन्।

प्रत्यक वर्ष लाग्ने यस मेलाले ऐतिहासिक तथा धार्मिकस्थल कमलदहको संरक्षण सम्बर्द्धनसँगै पर्यटकीय क्षेत्र बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको मिर्चैया नगरपालिका प्रमुख श्रवणकुमार यादवले बताउनुभयो । मेलामा कुस्तीप्रेमीले यस खेललाई उत्सवकै रूपमा लिने गरेकाले यसको संरक्षण र सम्बर्द्धनमा नगरले विशेष महत्व दिएको उहाँको भनाइ छ ।रासस

# रामगोपालपुरमा चुनावी चहलपहल




महोत्तरी । उपनिर्वाचनको चहलपहललेमहोत्तरीकोराजनीतिक माहोल तताउँदै छ । जिल्लाको रामगोपालपुर नगरपालिका-२ को वडाअध्यक्ष पदका लागि हुन लागेको उपनिर्वाचनले यहाँको राजनीतिक गतिविधि निकै बढेसँगै माहोल तात्दै गएको हो ।

जिल्लामा एउटा वडाध्यक्ष पदका लागि मात्र मङ्सिर १६ गते उपनिर्वाचन हुँदैछ । विभिन्न राजनीतिक दलले त्यही एउटा पदको उपनिर्वाचन परिणाम आफ्नो पक्षमा पार्न सबै शक्ति खन्याइरहेका छन् । उम्मेदवारको विधिवत् मनोनयन दर्ता आउने आइतबार हुने भए पनि दलहरुका गतिविधि भने रामगोपालपुर-२ मा एक साता पहिलेदेखि नै सघन देखिँदो छ ।

सो वडामा नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले)ले दुई/दुई पटक चुनावी प्रचार ऱ्याली सम्पन्न गरिसकेका छन्। दुवै दलका कार्यक्रममा उच्च तहका नेताहरुको सहभागिताले उपनिर्वाचनको माहोल झनै तातेको छ ।माओवादी केन्द्रको कार्यक्रममा सो दलका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, मधेश प्रदेश इञ्चार्ज लीलामणि पोखरेलसहितका नेता सहभागी हुनुभएको छ । त्यसैगरी नेकपा (एमाले) ले पोल्यूटब्यूरो सदस्य, केन्द्रीय सदस्य, प्रदेश कमिटीका पदाधिकारी र जिल्लाका पदाधिकारीसहितको सहभागितामा पहिलोचरणको घरदैलो कार्यक्रम सम्पन्न गरेको छ।

सो वडामा यसअघि माओवादी केन्द्रका मुकेशकुमार यादव निर्वाचित हुनुभएको थियो। यादवको दुई महिना पहिले निधन भएपछि अहिले यहाँ उपनिर्वाचन हुन लागेको हो। यस उपनिर्वाचनमा माओवादी केन्द्रले स्व यादवकी पत्नी आइती यादवलाई उम्मेदवार घोषणा गरेको छ।

यसैगरी नेकपा (एमाले)ले सकिवुल खानलाई उम्मेदवार घोषणा गरेको छ। यसअघि २०७९ को स्थानीय तह निर्वाचनमा जसपाबाट उम्मेदवार रहनुभएका खान यस पटक एमालेबाट उम्मेदवार घोषणा हुनुभएको हो।

यसैगरी नेपाली कांग्रेसले मोहम्मद जनिफ खाँ र जसपाले नजामुद्दिन खानलाई उम्मेदवार बनाउने घोषणा गरेका छन् । जनिफ यसअघिको निर्वाचनमा पनि नेकाकै उम्मेदवार हुनुहुन्थ्यो र निकटतम प्रतिस्पर्धी बन्नुभएको थियो । जसपाका पहिलेका उम्मेदवार सकिवुल भने एमाले प्रवेश गरेपछि सो दलले नजामुद्दिनलाई उम्मेदवार घोषणा गरेको छ ।यसअघिको निर्वाचनमा विजयी हुने मुकेशकुमार यादवले ४३३, निकटतम प्रतिस्पर्धी नेकाका जनिफ खाँले ३७५, जसपाका सकिवुल खानले ३४२ र एमालेका कादिर हुसैनले २८७ मत प्राप्त गर्नुभएको थियो । सो वडामा दुई हजार २०० मतदाता छन्।

वडामा यसअघि निर्वाचन जितेको माओवादी केन्द्र आफ्नो ठाउँ गुम्न नदिन भरपुर प्रयत्नमा देखिन्छ । यसैगरी सो वडाकै मतदाता रहनुभएका एमालेका केन्द्रीय सदस्य तथा प्रदेशसभामा एमाले संसदीय दलका नेता र मधेश सरकारमा दोस्रो वरियताका भौतिक पूर्वाधारमन्त्री सरोज यादवले उपनिर्वाचनलाई प्रतिष्ठाको विषय बनाउनुभएको छ । यसैगरी नेका र जसपाले आफ्नो जनाधार बढेको बताउँदै चुनाव जित्ने दाबी गरिरहेका छन् । जिल्लाको एक वडामा मात्र उपनिर्वाचन हुन लागेको हुँदा सबै दलका नेता अहिले चुनावी तयारीमा रामगोपालपुर-२ का घरघर पुग्दैछन्।

यो उपनिर्वाचनले राजनीतिक माहोल निकै तताएको सो वडाकै बासिन्दा विगतमा जिविसका उपसभापति रहिसक्नुभएका गणेशप्रसाद यादव बताउनुहुन्छ ।उपनिर्वाचन शान्तिपूर्वक रुपमा सम्पन्न गर्न जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले सम्बद्ध सबै पक्षसँग अपिल गरेको छ।

उपनिर्वाचनका लागि जनशक्ति व्यवस्थापनदेखि अन्य सबै तयारी ठिकठिक समयमा पूरा गरिने मुख्य निर्वाचन अधिकृत राजकुमार कोइरालाले बताउनुभयो ।रासस

## बलवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### बलवा, महोत्तरी
### मधेश प्रदेश,नेपाल

# करारमा कर्मचारी पदपुर्तिको लागि दरखास्त आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/०७/३०**

बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मातहतका वडा कार्यालय स्वास्थ्य संस्था तथा अन्य संस्थाहरुको लागि देहायका पदमा योग्य प्राविधिक तथा अप्राविधिक कर्मचारी करार सेवामा राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालयको समयसम्म बलवा नगरपालिकाको राष्ट्रिय बाणिज्य बैंकमा रहेको आन्तरिक राजस्व खाता नं.१२७०१००३०१०१०००२ मा राजस्व तिरेको सक्कल रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | विज्ञापन नं. | पद | तह | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०१/०८१/०८२ | मेडिकल अधिकृत | अधिकृत स्तर आठौ | १ | रु.१२००/- |
| २ | ०२/०८१/०८२ | ईन्जिनियर | अधिकृत स्तर सातौ | १ | रु.१०००/- |
| ३ | ०३/०८१/०८२ | स्टाफ नर्स | सहायक स्तर पाँचौ | ६ | रु.७००/- |
| ४ | ०४/०८१/०८२ | सब-ईन्जिनियर | सहायक स्तर पाँचौ | २ | रु.७००/- |
| ५ | ०५/०८१/०८२ | ल्याब असिस्टेन्ट | सहायक स्तर चौथो | २ | रु.५००/- |
| ६ | ०६/०८१/०८२ | अ.न.मी. | सहायक स्तर चौथो | ५ | रु.५००/- |
| ७ | ०७/०८१/०८२ | अमिन | सहायक स्तर चौथो | १ | रु.५००/- |
| ८ | ०८/०८१/०८२ | सहायक कम्प्यूटर अपरेटर | सहायक स्तर चौथो | १४ | रु.५००/- |
| ९ | ०९/०८१/०८२ | सुपरभाईजर | श्रेणी विहिन | १ | रु.४००/- |
| १० | १०/०८१/०८२ | हल्का सवारी चालक | श्रेणी विहिन | २ | रु.४००/- |
| ११ | ११/०८१/०८२ | ट्रयाक्टर चालक | श्रेणी विहिन | १ | रु.४००/- |
| १२ | १२/०८१/०८२ | कार्यालय सहयोगी | श्रेणी विहिन | २० | रु.४००/- |
| १३ | १३/०८१/०८२ | स्वीपर | श्रेणी विहिन | ७ | रु.४००/- |

**योग्यता**:

१. **उमेर**: **स्वास्थ्य तर्फको हकमा**:- १८ बर्ष भई ४५ बर्ष ननाघेको, मेडिकल अधिकृत/ ईन्जिनियरको हकमा २१ बर्ष पुरा भई ४५ बर्ष ननाघेको र कार्यालय सहयोगी, हलका सवारी चालक, ट्रयाक्टर चालक तथा स्वीपरको लागि १८ बर्ष पुरा गरी ४० बर्ष ननाघेको तथा अन्य प्राविधिक कर्मचारीः पुरुषको हकमा १८ बर्ष भई ३५ बर्ष ननाघेको र महिलाको हकमा १८ बर्ष भई ४० बर्ष ननाघेको।

२. **दरखास्त दिने स्थान**: बलवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

३. **दरखास्त दिने अन्तिम मिति**: मिति २०८१/०८/१४ गते सम्म कार्यालय समय भित्र र सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट कार्यालय खुलेको दिन।

४. **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमका कागजातको छाँया प्रति ।
- नेपाली नागरिकताको प्रमाण पत्रको छाँया प्रति
- शैक्षिक योग्यताको लब्धाङ्क प्रमाण पत्रको छाँया प्रति
- चारित्रिक प्रमाण पत्रको छाँया प्रति
- २ (दुई) प्रति पासपोर्ट साईजको फोटो
- सम्बन्धित परिषदमा दर्ता भएको प्रमाण पत्र (नवीकरण भएको) छाँया प्रति
- अनुभव खुल्ने प्रमाण पत्र
- कार्यालय सहयोगी र स्वीपरको लागि नागरिकता प्रमाण पत्र र फोटो २ (दुई) प्रति मात्र पेश गर्नु पर्नेछ

५. **परिक्षा मिति र परिक्षा केन्द्र**: पछि प्रकाशन गरिनेछ।

६. **सेवा सुविधा**: करार सम्झौता वा नगर कार्यपालिका वा नगर सभाले निर्धारण गरे बमोजिम हुनेछ।

७. **छनौटको किसिम**: बलवा नगरपालिका सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धि कार्यविधि, २०८१ तथा पदपुर्ति, अन्तर्वार्ता तथा सुचीकरण समितिले निर्धारण गरेको मापदण्ड एवं कार्यविधि बमोजिम हुनेछ।

८. **शैक्षिक योग्यता**:

क. **मेडिकल अधिकृत**: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस.कोर्ष उतिर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको।

ख. **ईन्जिनियर**: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनिरङ् विषयमा स्नातक तह उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।

ग. **स्टाफ नर्स**: नेपाल सारकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ् कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।

घ. **सब-ईन्जिनियर**: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल ईन्जिनिरङ् विषयमा प्रमाणपत्र तह उतिर्ण भएको।

ङ. **ल्याब असिस्टेन्ट**: नेपाल सरकारबाट मान्यता प्राप्त शिषण संस्थाबाट मेडिकल ल्याब असिस्टेन्ट कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।

च. **अ.न.मी**: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको।

छ. **अमिन**: नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट अमिन कोर्ष उतिर्ण भएको।

ज. **सहायक कम्प्युटर अपरेटर चौथो**: मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई एस.एल.सी./SEE उतिर्ण वा एस.एल.सी./SEE उतिर्ण गरी न्यूनतम ३ महिनाको कम्प्यूटर सम्बन्धी तालिम प्राप्त गरेको।

झ. **सुपरभाईजर**: मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./SEE उतिर्ण।

ञ. **हल्का सवारी चालक/ट्रयाक्टर चालक**: साधारण लेखपढ गर्न जानेको र सम्बन्धित सवारी साधन चलाउन लाईसेन्स प्राप्त गरेको तथा न्यून्तम ६ महिना गाडी चलाएको अनुभव भएको।

ट. **कार्यालय सहयोगी**: सामान्य लेखपढ गर्न सक्ने र कार्यालय सम्बन्धी सामान्य जानकारी भएको।

ठ. **स्वीपर**: साक्षर भएको।

# महिला क्रिकेट खेलाडीलाई जनही रु दुई लाख ५० हजार पुरस्कार प्रदान

काठमाण्डु। नेपाल क्रिकेट सङ्घ (क्यान) ले पहिलो पटक यु-१९ विश्वकपमा प्रवेश गरेको नेपाली महिला क्रिकेट टोलीका खेलाडीलाई प्रोत्साहनस्वरुप जनही रु दुई लाख ५० हजार पुरस्कार दिने घोषणा गरेको छ।


टिममा समावेश अफिसियलहरूलाई भने जनही रु एक लाख ५० हजार पुरस्कारबाट सम्मान गरिने क्यानका प्रवक्ता छुम्बी लामाले जानकारी दिनुभयो ।



संयुक्त अरब इमिरेट्स (युएई)को अजमानमा बुधबार सम्पन्न खेलमा घरेलु टोली युएईमाथि आठ विकेटको जीत निकाल्दै नेपालले पहिलो पटक यु-१९ विश्वकपमा ऐतिहासिक उपलब्धि हासिल गरेको थियो।

नेपालले ६ खेलबाट १० अङ्क जोड्दै विश्वकपमा स्थान बनाएको हो ।

त्यस्तै युएईले पनि समान खेलबाट समान १० अङ्क जोडे पनि नेपाल नेट रनरेटमा अगाडि रहँदै विश्वकपमा स्थान बनाउन सफल भएको हो । यु-१९ विश्वकप क्रिकेट सन् २०२५ मा मलेसियामा आयोजना हुँदैछ । विश्वकपका साथै नेपाल यु-१९ एसिया कपका लागि पनि छनोट भएको छ। एसिसीको आयोजनामा आगामी डिसेम्बरमा हुने यु-१९ महिला एसिया कपका लागि पनि नेपाल छनोट भएको हो । यु-१९ एसिया कप क्रिकेटमा नेपालसँगै पाकिस्तान, भारत श्रीलङ्का, बङ्गलादेश र मलेसिया सहभागी हुनेछन् ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# क्रिकेटमा सफलता

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी)ले शुरु गरेको अन्डर १९ महिला विश्वकप क्रिकेट प्रतियोगिताको दोस्रो संस्करणका लागि नेपाल छनोट भएको छ । नेपाली यू १९ महिला क्रिकेट टोलीले यूएईलाई उनकै गृहमैदानमा पराजित गर्दै नेट रन रेटको आधारमा विश्वकपका लागि छनोट भएको छ । अन्डर १९ महिला टिमका खेलाडीहरुमा टिम भावना र उच्च मनोबल देखिन्छ । एक पटक यूएईसित पराजित भइसकेको नेपाली टोलीले दोस्रो पटक यूएईमाथि शान्दार जित हात पारेको छ । २० ओभरको खेलमा नेपाली टोलीले यूएईलाई ८३ रनमै सीमित गरे । १७ ओभर भित्रै नेपालले खेल जित्न सके मात्र विश्वकपका लागि छनोट हुने ठूलो चुनौती थियो । प्रतियोगिता जित्ने रणनीति बनाएर मैदानमा उत्रेको नेपाली टोलीले इतिहास नै रचे । यूएईले २० ओभरमा बनाएको ८३ रन नेपाली खेलाडीले १४.२ ओभरमै ८४ रन बनाएर जित हात पारे । त्यस क्रममा ३ जना नेपाली खेलाडी मात्र आउट भए । नेपाली क्रिकेट टोलीको नेतृत्व गरिरहेकी पूजा महतो मैदानमा उत्कृष्ट प्रदर्शन मात्र नगरी उनी टीमको मनोबल उच्च बनाउने, टीममा सबैको अपनत्व बुझाउने र जित्ने लक्ष्यका साथ खेल्ने प्रेरणा पनि प्रदान गर्छिन् । सामान्य परिवारकी पूजा महतोमा खेलप्रति पूर्ण समर्पण रहेको छ । कुनै पनि क्षेत्रमा नेतृत्व गर्न सहज हुँदैन । क्रिकेटको कप्तानी गर्नु झन् चुनौतीपूर्ण कार्य हो । तर पूजा महतोले त्यसलाई सहज ढंगले लिएको देखिन्छ । उनले टिमको व्यवस्थापन कुशलतापूर्वक गरिरहेकी छन् । मधेश प्रदेशकी चेली पूजाले बनाएको कीर्तिमानलाई भत्काउन सकिदैन भने त छैन । तर नेपालको टिमलाई पहिलो पटक नै विश्वकप क्रिकेट प्रतियोगिताका लागि छनोट गराउने इतिहास उनकै नाममा रहनेछ । नेपालमा क्रिकेटका लागि उत्कृष्ट खेलाडीहरु छन् । उनीहरुलाई राज्यले सहयोग गरे विश्वकपको यात्रामा निरन्तर रहनेछ । खेलाडीको उच्च मनोबल राख्न उनीहरुलाई पूर्ण रुपमा खेलमा नै समर्पित गर्नुपर्छ । त्यसका लागि खेलाडीले राज्यबाट आफ्नो र परिवारको पालनका लागि समेत स्थायी आर्थिक स्रोतको प्रबन्ध मिलाउनु पर्छ । पुरुष क्रिकेट टिमको भन्दा कमजोर महिला क्रिकेट टिमपनि होइन । कराँते, फुटबल र अब क्रिकेटमा नेपालले विश्वस्तरमा पहिचान बनाउन लागेको छ । खेलाडीलाई संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पूर्ण सहयोग गर्नुपर्छ । खेलाडीले देशको नाम उच्च राख्ने भएकाले सबै पक्षबाट सहयोग भए उच्च मनोबलका साथ मैदानमा उत्रने छन् । विश्वकप क्रिकेट प्रतियोगिताका लागि छनोट भएको नेपाली यू १९ महिला टिमलाई भव्य स्वागत र सम्मान गर्नुपर्छ । मलेसियामा अगामी वर्ष हुने विश्वकप यू १९ प्रतियोगितामा नेपालले जितको झण्डा फहरायोस्, हाम्रो शुभकामना ।

# जलवायु न्यायका लागि रस्साकस्सी



धर्मेन्द्र झा

हरितगृह ग्यासको उत्सर्जनका कारण सिर्जित वातावरणीय समस्याबाट बढी प्रभावित मुलुकहरु यतिबेला यहाँ आफूहरुले जलवायु न्याय पाउनुपर्ने भन्दै आवाज बुलन्द पारिरहेका छन् । सोमबारदेखि अजरबैजानको बाकुमा जारी कोप २९ को सम्मेलनमा हिमाली एवं टापु राष्ट्रका प्रतिनिधि एउटै आवाजका साथ आफूहरुले कार्बन उत्सर्जनमा कुनै भूमिका नराखे पनि औद्योगिक एवं विकसित राष्ट्रले गरेको उत्सर्जनका कारण विभिन्न समस्याको सामना झेल्नुपरेकाले त्यसबापत उनीहरुले क्षतिपूर्ति दिनुपर्छ भन्ने साझा माग राखेका छन् ।

सम्मेलनमा नेपाललगायत समान प्रकृतिका वातावरणीय समस्या झेल्दै आएका देशहरुले जलवायु परिवर्तनबाट उत्पन्न हुने बहुआयामिक असर न्यूनीकरणका लागि समष्टिगत एवं सङ्ख्यात्मक हानिनोक्सानी समेटेर जलवायुवित्त व्यवस्थापनमा जोड दिएका छन् । ती देशका राष्ट्र/सरकार प्रमुखले भावी पुस्तालाई स्वच्छ पृथ्वी हस्तान्तरण गर्न उच्च भाग र तल्लो भागबीचमा सौहार्दता कायम हुनुपर्ने बताएका छन् । ती देशले जलवायु परिवर्तनबाट निम्तिन सक्ने सङ्कटको पूर्वानुमान गर्न नसकिने भन्दै सहकार्य र जलवायुवित्त व्यवस्थापनमा जोड दिएका हुन् । जलवायु परिवर्तन सबैको साझा चुनौती भएको र यसको सामना सामूहिक बुझाइ एवं साझा प्रयासबाट हुनुपर्ने ती देशहरुको माग रहेको छ ।

अल्पविकसित राष्ट्रहरूका राष्ट्र/सरकार प्रमुखले जलवायु परिवर्तनबाट उत्पन्न असरप्रति विकसित देशहरू गम्भीर हुनुपर्नेमा जोड दिनुभएको छ । उहाँहरूले विकसित मुलुकहरूका कारण जलवायु परिवर्तनको असरमा वृद्धि भएको बताउनुभएको हो । अल्पविकसित तथा विकासोन्मुख देशहरूलाई अनुकूलन तथा प्रदूषण न्यूनीकरणका लागि यथेष्ट आर्थिक र अन्य सहयोग जुटाउन संयुक्त राष्ट्रसङ्घले अझ प्रयास गनुपर्नेमा जोड दिनुभएको छ । जलवायु परिवर्तनका असरले पर्वतीय क्षेत्रका पारिस्थितिकीय प्रणाली र त्यहाँका जनताको जीवनशैलीमा पारेको असरबारे ध्यानाकर्षण गराउँदै यससम्बन्धी ठोस कार्ययोजना बनाएर अघि बढ्नुपर्ने आवश्यकता बोध गराइएको थियो ।

जलवायु परिवर्तनको कारण उत्पन्न समस्या र जोखिम व्यहोनुपरेका मुलुकलाई सहुलियतपूर्ण स्रोत उपलब्ध गराउनुपर्ने धारणा राख्दै कोप २९ अन्तर्गत हुने बैठक, छलफल र वार्तामा यो विषयलाई जोडदार रूपमा उठाइएको छ । जलवायु परिवर्तन सबैको साझा चुनौती भएको र यसको सामाना गर्न सबैको साझा प्रयास हुनुपर्ने भए पनि जलवायु परिवर्तनबाट बढी प्रभावित मुलुकबीच सहकार्य हुनुपर्ने आवश्यकता यसपटक बढी नै महशुस गरिएको छ । सम्मेलनमा ४० देशका राष्ट्रपति वा उपराष्ट्रपति तथा ३५ देशका प्रधानमन्त्रीको सहभागिता रहेको छ ।

### राष्ट्रपति पौडेलको प्रष्ट दृष्टिकोण

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै बाकु आउनुभएका राष्ट्रपति रामचन्द्र पौडेलले आफ्नो सम्बोधनको क्रममा जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेका असरका बारेमा विश्वसमुदायको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँले पहाडी देशमा परेको जलवायु जोखिमको प्रभाव सामुद्रिक देशमा पर्नसक्ने र सामुद्रिक किनार माथि उठ्नसक्ने भएकाले आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रूपमा काम गर्नुपर्ने आवश्यकतामा जोड दिनुभएको थियो । उहाँले विकसित देशहरुलाई जलवायु परिवर्तनको असर र प्रभाव बुझाउनुपर्ने बताउनुभयो । अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूले उनीहरूको कुनै योगदान नै नभएको विकराल समस्या बनेको जलवायु परिवर्तनबाट बच्न विकसित देशहरूबाट उल्लेख्य सहयोग पाउन नसकेको राष्ट्रपति पौडेलको भनाइ थियो ।

अल्पविकसित देशहरूको विश्व समन्वय परिषद्को अध्यक्ष राष्ट्रका हैसियतमा यी देशहरूको चासो र हकहित रक्षाका लागि नेपाल प्रतिबद्ध रहेको उहाँको भनाइ थियो । उहाँले जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असरको न्यूनीकरणका लागि विकसित देशहरुबाट अनुदान उपलब्ध गराउन पनि आग्रह गर्नुभएको छ । उहाँले जलवायु वित्तका स्रोतमा पनि विभिन्न प्रक्रियागत तथा अन्य जटिलताका कारण पहुँच हुन नसकेको बताउँदै उहाँले भन्नुभयो, “प्राप्त हुने स्रोत सरकारी संयन्त्रबाटै खर्च हुँदा बढी प्रभावकारी हुन्छ किनकी सरकार सधैं जनताप्रति जवाफदेही हुन्छ, अन्य क्षेत्रले यस्तो जवाफदेहिता बहन गर्नुपर्दैन, यसतर्फ पनि विकसित देशहरूलाई आश्वस्त पार्न संयुक्त राष्ट्रसङ्घले भूमिका खेल्न सक्छ भन्ने लाग्छ ।”

कोप-२९ का क्रममा नेपालले आयोजना गरेको ‘पर्वतीय क्षेत्रमा जलवायुजन्य हानि तथा नोक्सानीको सम्बोधन’ शीर्षकको उच्चस्तरीय ‘राउण्ड टेबल’ बैठकमा पनि राष्ट्रपति पौडेलले जलवायु जोखिमको प्रभावबाट जोगिन आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रुपमा काम गर्न आह्वान गर्नुभएको छ । “पहाडी देशमा परेको जलवायु जोखिमको प्रभाव सामुद्रिक देशमा पर्नसक्ने र सामुद्रिक किनार माथि उठ्नसक्ने भएकाले आउँदा दिनमा पर्वतीय देश र सामुद्रिक देश मिलेर साझा कार्यक्रमका साथ एकीकृत रुपमा काम गर्न म हार्दिक आह्वान गर्दछु”, राष्ट्रपति पौडेलले भन्नुभयो ।

जलवायु परिवर्तनका उस्तै प्रभावित राष्ट्रलाई एकै ठाउँमा राखेर छलफल गर्दा समस्याका बारेमा बुझ्न र समाधान गर्न पनि सहज हुने विश्वास गरिएको छ । राष्ट्रपति पौडेलले पछिल्ला दिनमा नेपालले भोगेका जलवायु समस्याको चुनौती निकै हृदयविदारक रहेको बताउँदै विश्वको सर्वोच्च शिखर सगरमाथा नजिकैको हिमताल फुट्दा सम्पूर्ण थामे गाउँ बगाएको, विगत तीन महिनामा जलवायुजन्य प्रकोपमा परेर नेपालमा मात्र पाँच सयभन्दा बढी मानिसले ज्यान गुमाउन पुगेका र खर्बभन्दा बढीको हानि नोक्सानी भएको जानकारी गराउँदा नेपालको अवस्थाप्रति धेरै देशका सहभागीहरुले निकै चिन्ता र चासो देखाएका थिए ।

### आँना मुद्दा स्थापित गर्न नेपाल सफल

विगतका कोप सम्मेलनहरूमा जस्तै नेपालले यसपटक पनि जलवायुजन्य सङ्कटका कारण पर्वतीय क्षेत्र असुरक्षित रहेको, हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत हुँदै गइरहेको, हिमताल विष्फोट हुनसक्ने खतरा रहेकोजस्ता जोखिम रहेको भन्दै पर्वतीय मुद्दालाई उच्च प्राथमिकताका साथ उठाएको छ । कोप-२९ मा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्यगरी छ वटा मुद्दालाई उच्च प्राथमिकता दिई नेपाली प्रतिनिधिहरू कोपमा उपस्थित भएका छन् । वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानिनोक्सानी न्यूनीकरण, कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका छ विषयगत कार्यपत्र तयार गरिएका छन् ।

कोप २९ मा सहभागी हुने क्रममा राष्ट्रपति पौडेलले संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसलगायत विभिन्न राष्ट्र प्रमुखसँगको औपचारिक/अनौपचारिक भेटवार्तामा पनि अल्पविकसित तथा विकासोन्मुख मुलुकहरूले उनीहरूको कुनै योगदान नै नभएको विकराल समस्या बनेको जलवायु परिवर्तनबाट बच्न विकसित देशहरूबाट उल्लेख्य सहयोग पाउन नसकेको बताउनुभयो । उहाँले अल्पविकसित तथा विकासोन्मुख देशहरूलाई अनुकूलन तथा न्यूनीकरणका लागि यथेष्ट आर्थिक तथा अन्य सहयोग जुटाउन संयुक्त राष्ट्रसङ्घले अझ प्रयास गनुपर्नेमा जोड दिनुभएको छ ।

यसपटकको सम्मेलनमा आफ्ना मुद्दाहरुलाई स्पष्टसँग राख्न नेपाल सफल भएको छ । राष्ट्रपतिकै नेतृत्वमा भएको सहभागिताले सम्मेलनप्रति नेपालको महत्वलाई मात्र उजागर गरेको छैन, गहन गृहकार्य र स्पष्ट धारणाले गर्दा पनि नेपालको उपस्थिति निकै महत्वपूर्ण रह्यो । नेपालले समुन्द्र र हिमालको कुरा उठाएर हिमाली र समुन्द्रतटीय राष्ट्रहरुको आवाजसँगै त्यसले अन्य देशहरुमा पनि पार्नसक्ने समस्याप्रति विश्वकै ध्यानाकर्षण गराएको छ । सम्मेलनका क्रममा भएका विभिन्न बैठकहरुमा पनि नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुको सक्रिय सभागिताबाट जलवायु परिवर्तनले निम्त्याएको चुनौती र आगामी दिनमा विश्व समुदायबाट अपेक्षा गरिएको सहयोग जलवायु न्यायका हिसाबले सान्दर्भिक र आवश्यक छ भन्ने प्रष्ट दृष्टिकोण राख्न सकेबाट आगामी दिनमा नेपालले थप सहयोगका क्षेत्रहरु पहिल्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

नेपालले समुन्द्र र हिमालको कुरा उठाएर हिमाली र समुन्द्रतटीय राष्ट्रहरुको आवाजसँगै त्यसले अन्य देशहरुमा पनि पार्नसक्ने समस्याप्रति विश्वकै ध्यानाकर्षण गराएको छ । सम्मेलनका क्रममा भएका विभिन्न बैठकहरुमा पनि नेपाली प्रतिनिधिमण्डलका सदस्यहरुको सक्रिय सभागिताबाट जलवायु परिवर्तनले निम्त्याएको चुनौती र आगामी दिनमा विश्व समुदायबाट अपेक्षा गरिएको सहयोग जलवायु न्यायका हिसाबले सान्दर्भिक र आवश्यक छ भन्ने प्रष्ट दृष्टिकोण राख्न सकेबाट आगामी दिनमा नेपालले थप सहयोगका क्षेत्रहरु पहिल्याउन मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

### ‘ब्लु जोन’ र ‘ग्रिन जोन’ मा रस्साकस्सी

कार्बन उत्सर्जन गर्ने विकसित राष्ट्र र तीव्र दरमा आर्थिक वृद्धि गर्ने राष्ट्रले उच्च जलवायु जोखिममा परेका राष्ट्रका लागि बढी सहयोग गर्नुपर्ने माग केही वर्षदेखि उठ्दै आएको छ । हरेक सम्मेलनमा कार्बन उत्सर्जन कम गर्न विकसित राष्ट्रहरुले गर्नुपर्ने दायित्व र जलवायु जोखिममा परेका राष्ट्रहरुले भोग्नुपरेका चुनौतीहरुको समाधानमा पुऱ्याउनुपर्ने सहयोगका विभिन्न ढाँचाहरुमा विभिन्न प्रस्तावमाथि गहन छलफल हुने गरेको छ । यसपटक पनि यस मुद्दा नै मुख्य बनी दुई समूहमा फरकफरक ढङ्गबाट बहस र छलफल भइरहेका छन् ।

सम्मेलनमा सहभागी हुन आएका विभिन्न देशका राष्ट्र/सरकार प्रमुखलगायत उच्चस्तरीय प्रतिनिधिमण्डल स्पष्ट निर्देश गर्दै स्वदेश फर्किदैछन् भने अन्य सहभागीहरु दुईपक्षीय एवं बहुपक्षीय छलफल र बहसमा जुटिरहेका छन् । ‘ब्लु जोन’का रुपमा रहेका सम्मेलनमा उच्चस्तरीय व्यक्तिहरुले आआफ्ना देशका अवस्था, भावी योजनालगायतका विषयमा सम्बोधनका क्रममा धारणा राखेका छन् । विश्वका करिब दुई सय मुलुकका राष्ट्रप्रमुखदेखि अन्य उच्च व्यक्तित्वहरूको सहभागिता रहेको थियो । यता ‘ग्रिन जोन’ मा रहेका विभिन्न देशका नागरिक समाज, वातावरण क्षेत्रमा क्रियाशील सङ्घसंस्थाका प्रतिनिधि रातदिन नभनी जलवायु परिवर्तनको समस्याको न्यूनीकरण तथा त्यसबाट प्रभावित जनताको भलाइका लागि ठोस नीगितगत व्यवस्था एवं कार्ययोजना तयार गर्ने गृहकार्यमा लागेका छन् । उनीहरुले तयार गर्ने सुझावकै आधारमा सम्मेलनको निस्कर्ष निकाल्न सहयोग पुग्नेछ । आगामी मङ्सिर ७ गतेसम्म जारी रहने यस सम्मेलनले भावी दिनका लागि स्पष्ट कार्ययोजना तयार गर्नेमा विश्व समुदाय प्रतीक्षा गरिरहेको छ ।

(लेखक झा राससका कार्यकारी अध्यक्ष हुनुहुन्छ)

# ऊर्जामैत्री भवन निर्माणमा नीतिगत प्रस्थान

**कृष्ण अधिकारी**

जाडोयाम शुरु हुन लागेसँगै चिसोबाट बच्न घर, कार्यालय वा अन्य व्यावसायिक भवनहरु तातो राख्न ऊर्जाको खपत बढी हुने गर्दछ । जलवायु परिवर्तनका कारण वर्षेनी गर्मीमा अत्याधिक गर्मी र जाडोमा पनि निकै जाडो हुने क्रम बढ्दै गर्दा जनजीवन कष्टकर हुने गरेकाले मानिसले अधिकांश समय बिताउने घर, कार्यालय वा व्यावसायिक भवनहरु जलवायुमैत्री हुनुपर्ने आवश्यकता महशूस हुन थालेको छ ।

विश्वव्यापी रुपमै यस्ता जलवायुमैत्री तथा हरित भवनहरुको निर्माण हुने क्रम बढेसँगै नेपालमा पनि यसतर्फ ध्यान दिनु जरुरी ठानिएको छ । नेपालमा नमूनाको रुपमा केही भवनहरु निर्माण भए पनि अझै सरकारी तर्फबाट आवश्यक नीतिगत व्यवस्था, संस्थागत संरचना र जनस्तरमा प्रचारप्रसारको अभावमा त्यस्ता भवनहरुको निर्माण हुन सकेका छैनन् । अजरवैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी विश्व सम्मेलन भइरहँदा जलवायु परिवर्तनको असर न्यूनीकरण गर्दै सहज जीवनयापनमा विश्वका लागि ऊर्जामैत्री भवन निर्माणका बारेमा पनि बहस हुन आवश्यक छ । दिगो विकास लक्ष्य अनुरुप न्यून कार्वन उत्सर्जनका लागि यो भरपर्दो माध्यम हुने भएकाले विज्ञहरु नीगित व्यवस्थाका लागि ठोस निस्कर्षमा पुग्ने अपेक्षा गरिएको छ ।

सामान्यतः एकपटक निर्माण गरिएका घर कम्तीमा एक पुस्ताभन्दा बढीले उपभोग गर्ने हुँदा त्यस्ता स्थायी संरचना निर्माण गर्दा जलवायु अनुकूल बनाउन आवश्यक हुन्छ । भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता अनुकूल हुनुपर्ने कानूनी व्यवस्था रहे पनि त्यससँगै जलवायुमैत्री बनाउनेतर्फ पनि ध्यान दिन उत्तिकै आवश्यक रहेको विज्ञहरुको भनाइ छ । गोरखा भूकम्पपछि भवन संहिताको कार्यान्वयनतर्फ ध्यान गएपनि त्यसपछि निर्माण गरिएका सरकारी, निजी वा व्यावसायिक भवनहरु जलवायुमैत्री नहुँदा बस्नयोग्य देखिंदैनन् । तराई, पहाड र हिमाली क्षेत्रमा निर्माण गरिएका भवनहरु एकैखालका हुँदा स्थानीय जलवायु अनुकूल नभएकाले भवनभित्रको तापक्रम अनुकूल नभएको मात्र होइन, उज्यालो र कोठा तताउन दाउरा, विद्युतीय वा एलपी ग्यास प्रयोग हुने हिटर, एसी वा चिस्याउन एसी, कुलर आदिको अधिक प्रयोग गर्नुपर्ने अवस्था छ ।

### स्थानीय तह अगाडि

ऊर्जा दक्षतायुक्त भवन निर्माणमा सङ्घीय र प्रदेश सरकारभन्दा स्थानीय तह अगाडि बढेको छ । हालसम्म विभिन्न १२ वटा स्थानीय तहले ऊर्जा दक्षतायुक्त भवन निर्माणसम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा गरी आफ्नो पालिकालाई ऊर्जामैत्री मात्र बनाएका छैनन्, सङ्घीय सरकारलाई पनि उपयुक्त कानुनी संरचना तयार गर्न दबाब दिएका छन् । हालसम्म पोखरा महानगरपालिका, कार्भेको धुलिखेल नगरपालिका, काठमाडौँको चन्द्रागिरि नगरपालिका, दाङको घोराही




उपमहानगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिका, रामेछापको मन्थली नगरपालिका र मुस्ताङको बारागाउँ मुक्तिनाथ गाउँपालिकाले ऊर्जा दक्षतायुक्त भवन निर्माणसम्बन्धी अलग्गै कानुनको तर्जुमा गरी कार्यान्वयनमा ल्याएका छन् । त्यस्तै भक्तपुरको चाँगुनारायण नगरपालिका, हेटौँडाको हेटौँडा उपहानगरपालिका र मनहरि गाउँपालिका, दोलखाको भीमेश्वर नगरपालिका र बर्दियाको ठाकुरबारा नगरपालिकाले भने कार्यविधि बनाई ऊर्जा प्रभावकारी भवनसम्बन्धी प्रावधान समेटेर त्यसअनुसार ऊर्जा दक्ष भवन मापदण्ड २०८० कार्यान्वयनमा ल्याएका छन् । पालिकामा भवन निर्माण गर्न सुरु गरेका छन् । अन्य केही पालिकाहरुले पनि कानुन तथा मापदण्ड तयार गर्ने क्रममा रहेका छन् ।

धुलिखेल नगरपालिकाले ऊर्जा दक्षतासम्बन्धी नीतिसमेत ल्याएको छ भने नगरपालिकालाई जिरो कार्बन, अपाङ्गमैत्री, हरित ऊर्जायुक्त हरित एवं स्वस्थ्य शहरको रुपमा विकास गर्न लागेको जनाएको छ । नगरपालिकाले यसै मापदण्डअनुसार वडा नं ३ को वडा भवन ऊर्जामैत्री बनाउन सुरु गरिसकेको छ । पोखरा महानगरपालिकाले केही महिनाअघि ऊर्जा दक्ष भवन मापदण्डलाई पारित गरेको थियो । बढ्दो सहरीकरण र जनसङ्ख्याको चापलाई मध्यनजर गर्दै पोखरा महानगर क्षेत्रभित्र गरिने निर्माणसम्बन्धी मापदण्डलाई समय सापेक्षरूपमा परिमार्जन तथा संशोधन गर्ने क्रममा महानगरपालिका १३औं नगरसभाबाट मापदण्ड लागू गर्ने निर्णय गरेको थियो । महानगरले शुरुमा सरकारी भवनहरु निर्माणमा यो प्रविधि लागू गरेको र क्रमशः निजी घर निर्माण गर्नेहरुलाई पनि समेट्ने जनाएको छ ।

ललितपुर महानगरपालिकाले पनि केही महिनाभित्रै भवनको ऊर्जा दक्षतासम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने भएको छ । भवन निर्माणमा विद्यमान प्रविधि तथा अभ्यासलाई ऊर्जा प्रभावकारी तथा वातावरणमैत्री बनाउने गरी मापदण्ड ल्याउने गरी महानगरपालिकाकाले गृहकार्य गरेको छ । सुरुमा सरकारी तथा संस्थागत भवनहरुको हकमा अनिवार्य तथा व्यक्तिगत भवनको हकमा ऐच्छिक रुपमा लागू हुने बताइएको छ । यता काठमाडौँ महानगरपालिकाले पनि छिटै ऊर्जा दक्ष भवन मापदण्ड ल्याउने तयारी गरिरहेको छ ।

काठमाडौँजस्तो घनावस्ती रहेको सहरको भौगोलिक, सांस्कृतिक र ऊर्जाको बढी खपत हुने महानगरपालिकामा हरित भवनको महत्व झन धेरै रहेकाले भवन निर्माण मापदण्डमा उर्जा प्रभावकारिता कायम गर्ने गरी नयाँ प्रावधान समावेश गर्ने जनाइएको छ । यसरी विभन्न स्थानीय तहहरुले ऊर्जा दक्षताबारे मापदण्डलाई कार्यान्वयनमा ल्याउन थालेका छन् । न्यून तापक्रम हुने उच्च हिमाली वा पहाडी क्षेत्रमा निर्माण भएका भवनलाई तताउन र तराई क्षेत्रमा निर्माण भएका भवनलाई चिसो बनाउनको लागि अधिक ऊर्जा खपत हुने गरेको हुँदा घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रमअनुसार डिजाइन गरिनुपर्ने हुन्छ ।

### केही कानूनी व्यवस्थाहरू

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) देहाय ६. को (५) संघीय तथा प्रदेश कानूनको अधिनमा रही सहरी विकास, बस्ती विकास र भवनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा सोसम्बन्धी योजना तर्जुमा, पहिचान, अध्ययन, कायान्वयन र अनुगमन गर्न सकिने व्यवस्था छ । ऐनमा राष्ट्रिय भवन सँहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन गर्ने तथा राष्ट्रिय भवन संहिताभित्र रही थप मापदण्डहरू (उचाइ, सेटब्याक, छत, मोहडा, निर्माण सामग्रीको प्रकार, महत्वपूर्ण बस्ती वा भवनका लागि रंग वा कालीगढ) लागू गर्न सकिने व्यवस्था छ ।

सरकारले चालु आर्थिक वर्ष २०८१/८२ को बजेट वक्तव्यमा भौतिक पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तन अनुकूलित पूर्वाधार निर्माण गरिने उल्लेख छ । सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने भवन निर्माणमा जलवायु अनुकूलन तथा ऊर्जा दक्षता अभिवृद्धिमा जोड दिइएको छ । १६ औँ पञ्चवर्षीय योजनाले पनिः हरित अर्थतन्त्र प्रवर्द्धन कार्यक्रमअन्तर्गत बैक तथा वित्तीय संस्थाहरुलाई हरित परियोजनामा लगानी गर्न प्रोत्साहन गर्ने, निजी आवास, उद्योग व्यवसायमा ऊर्जा दक्षता बढाउनुको साथै कार्बन उत्सर्जन कम गर्न तथा अनुकूलता बढाउनका लागि लगानीमा सहुलियत प्रदान गर्ने उल्लेख छ । हरित तथा दिगो भवनमा मोहडा, ऊर्जा दक्षता, निर्माण सामग्री, नवीकरणीय ऊर्जा, आकासे पानीको व्यवस्थापन, फोहरमैलाको उचित व्यवस्थापन र घरभित्रको वायुको गुणस्तरमा ध्यान दिइएको हुन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार वर्षमा करिब एक लाख २० हजार नयाँ घर बन्ने गरेको सन्दर्भमा अब बन्ने जस्तोसुकै घर वा भवनहरु ऊर्जा दक्षतायुक्त हुनुपर्नेमा सरोकारवालाहरुले जोड दिएका छन् । केही स्थानीय तहहरुले यससम्बन्धी मापदण्ड तयार गरी लागू गरे पनि शहरी विकास मन्त्रालयले राष्ट्रियस्तरमै ठोस नीति नियम र मापदण्ड तर्जुमा गर्नुपर्ने देखिन्छ । यसमा तीनै तहका सरकारको भूमिका महत्वपूर्ण रहन्छ । तीनै तहका सरकारहरुबीच समन्वय भई ऊर्जा दक्षताको विषयलाई नीतिगत रुपमै व्यवस्था गरी कुनै पनि भवनहरु निर्माण गर्ने संरचना विकास गर्नु आवश्यक छ ।

### बीन परियोजना कार्यान्वयन

घर तथा भवन निर्माण गर्दा भौगोलिक अवस्थिति, हावापानी, उचाइ र तापक्रमअनुसार डिजाइन गरिनु आवश्यक हुन्छ । ऊर्जाको दक्षतापूर्ण प्रयोग बढाउन निर्माण हुने घर तथा भवन डिजाइनमा ध्यान दिनुपर्ने एक अध्ययनले देखाएको छ । युरोपियन युनियन अन्तर्गत स्वीच एसिया कार्यक्रमको अनुदानमा बिल्डिङ इनर्जी इफिसियन्सी इन नेपाल (बीन) द्वारा घर तथा भवन निर्माणमा हुने ऊर्जा खपतबारे गरिएको अध्ययन प्रतिवेदनमा ऊर्जामैत्री भवन बनाउन सकिएमा आर्थिक, वातावरणीय र स्वास्थ लाभ लिन सकिने उल्लेख छ । यसमा बढ्दो शहरीकरण र बजार माग अनुसार भवनको डिजाइन कसरी गर्नेदेखि स्थानीय जलवायु, बढ्दो ऊर्जा खपतलगायतलाई विषयलाई समेटिएको छ । परियोजनाले ऊर्जा प्रभावकारी भवन निर्माणलाई प्रोत्साहन गर्न वित्तीय स्रोतमा पहुँच पुऱ्याउने उद्देश्यले वाणिज्य बैंकहरूसँगको साझेदारीमा वित्तीय साधनको विकास गरी ऊर्जा प्रभावकारी भवन निर्माण क्षेत्र र वाणिज्य बैंकहरूबीच सम्बन्ध स्थापना गरेको छ । त्यस्तै ३२ वटा पालिकालाई मापडण्ड निर्माण गर्न आवश्यक प्राविधिक सहयोग गरेअनुसार हालसम्म १२ वटा पालिकाले कार्यविधि र कानुनको तर्जुमा गरिसकेका छन् भने बाँकी पालिकाहरुले पनि गृहकार्यमा गरिरहेका छन् ।

मार्च २०२२ देखि फेब्रुअरी २०२६ सम्म कार्यान्वयनमा रहने यस कार्यक्रमले हालसम्म सार्वजनिक १९ र निजी एक सय नौवटा समेत गरी एक सय २८ वटा ऊर्जा दक्षतायुक्त भवन निर्माणमा प्राविधिक सहयोग गरिसकेको छ । ती भवनहरु ललितपुर, धुलिखेल, पोखरा, बुटबल, भरतपुर, नेपालगञ्ज र तुल्सीपुरमा निर्माण भएका हुन् । साथै, ३२ वटा पालिकालाई मापडण्ड निर्माण गर्न आवश्यक प्राबिधिक सहयोग गरेको छ । एकातिर दिगो विकास लक्ष्य अनुरुप न्यून कार्वन उत्सर्जन गर्ने ऊर्जा प्रभावकारी भवन निर्माण गर्न आवश्यक छ भने दिगो विकास लक्ष्य हासिल गर्न जलवायु परिवर्तनका नकारात्मक असरलाई न्यूनीकरणका लागि पनि ऊर्जा दक्षतायुक्त भवन निर्माणमा जानै पर्ने देखिन्छ । कुनै परियोजनाले गर्ने भनेको यसको सम्भावनाको खोजी गर्ने, प्राविधिक र आर्थिक सहयोग गरी नमूना प्रस्तुत गराउनेसम्म मात्रै हो, बाँकी त्यसलाई नीतिगत व्यवस्था गरी कार्यान्वयनमा ल्याउने भनेको सरकार र समुदायमै निर्भर हुने गर्दछ ।

# शैक्षिक नतिजा सुधारमा ध्यान दिन मन्त्री भट्टराईको आग्रह



भक्तपुर । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले कक्षा १० र १२ को शैक्षिक नतिजालाई सुधार गर्न सम्बन्धित निकायलाई आग्रह गर्नुभएको छ ।

विहिबार शिक्षा परिषद्को सचिवालय शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीमा परिषद् बैठकको अध्यक्षता गर्दै उहाँले शैक्षिक उपलब्धिमा सुधार गर्न सरोकारवाला सबैलाई निर्देशन दिनुभएको हो ।उहाँले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले विकास गरेका श्रव्यदृश्य सामग्रीलाई विद्यार्थीको सहज पहुँचमा पुरयाउनसमेत निर्देशन दिनुभयो ।

मन्त्री भट्टराईले प्राप्त स्रोत साधनबाट छिटो छरितो सेवा प्रदान भइरहेको वैदेशिक अध्ययन अनुमतिपत्र र छात्रवृत्तिसम्बन्धी कामप्रति सन्तुष्टि ब्यक्त गर्दै जनसेवामा समर्पित भएर काम हुन कर्मचारीलाई आग्रहसमेत गर्नुभयो ।एकीकृत पाठ्यक्रम परिमार्जनको कार्ययोजना एक हप्ताभित्र पेस गर्न र पाठ्यसामग्रीलाई भाषिक एवं चित्राङ्कनका दृष्टिले त्रुटिरहित बनाउन सुझाब समेत उहाँले दिनुभयो ।

बैठकपछि उहाँले केन्द्रका तालिम, शैक्षिक सामग्री विकास र पुस्तकालय सम्बद्ध शाखालगायत सानो ठिमीस्थित बिभिन्न शैक्षिक संस्थाको आकस्मिक निरीक्षणसमेत गर्नुभयो । निरीक्षणका क्रममा मन्त्री भट्टराईले चिकित्सा शिक्षा आयोग, मान्यता तथा समकक्षता, छात्रवृत्ति र वैदेशिक सम्बधनमा सञ्चालित विद्यालय सम्बद्ध काम गर्ने शाखाको निरीक्षण गरी कार्यप्रवाह, समस्या र चुनौतीबारे जानकारी समेत लिनुभएको थियो ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्रसँग अन्तरक्रिया एवं अनुगमनमा मन्त्री भट्टराईले भन्नुभयो, "अनुसन्धानलाई वास्तविक बनाई अनुसन्धानका उपलब्धिलाई कार्यान्वयन गर्नका निम्ति योजनासहित अन्तर निकाय समन्वय गर्नुसु, पुस्तकालयमा सबै उमेर समूहका पाठकका लागि उपयोगी पुस्तक थप गरी पुराना महत्वपूर्ण पुस्तकको संरक्षणसहित आधुनिक ढङ्गले पुस्तकालय व्यवस्थापन गर्नुपर्ने आवश्यकता छ ।"रासस

# राजनीति सेवा गर्ने स्थल हो : उपप्रधानमन्त्री सिंह

पाटन । उपप्रधानमन्त्री तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले राजनीति भनेकै सेवा गर्ने उत्कृष्ट स्थल भएको बताउनुभएको छ । नेपाल प्रजातन्त्र सेनानी सङ्घ ललितपुरको तेस्रो जिल्ला सम्मेलन एवं सम्मान कार्यक्रममा उहाँले संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था र संविधान जारी गर्ने नेपाली कांग्रेसको योगदान अग्रस्थानमा रहेको छ भन्नुभयो ।

"आस्था र सिद्धान्तको राजनीति गर्नेले ज्यादै कठिन परिस्थितिको सामना गर्नुपर्ने रहेछ, राजनीतिक आस्थाले चाक्सीबरी छोडेर डेरामा बसेर गुजारा टार्नु पर्यो, गणेशमान र मङ्गलादेवीले त धेरै दुःख भोग्नु पर्यो भने दूरदराजका जनताले कति दुःख भोग्नु । परेको थियो होला ! यो हामीले बुझ्नुपर्छ, राजनीति सेवा गर्ने प्रभावकारी माध्यम हो, तर अहिले फाइदा लिने प्रबृत्ति बढेको छ, राजनीति भनेको त सिद्धान्त, आदर्श हो नि !" उहाँले भन्नुभयो ।

पूर्वमन्त्री एवं नेपाली कांग्रेसका पूर्वकेन्द्रीय सदस्य ओमकारप्रसाद श्रेष्ठले पुराना र पाका राजनीतिक मानिसको योगदानले हामीले धेरै परिवर्तन पाएका छौँ भन्नुभयो । "लामो समयदेखि हामी राजनीतिमा छौँ, हामीले ६९ वर्ष राजनीतिमा भोगेको दुःख अहिलेको पुस्ताले बुझ्दैन, हामीले अतुलनीय कष्टकर दुःख भोग्नुपर्यो, २०२९ सालदेखि ललितपुरमा मैले सङ्गठन बनाउन लागेको हुँ," उहाँले भन्नुभयो ।रासस

# राष्ट्रपति पौडेल र अजरबैजानका राष्ट्रपतिबीच भेटवार्ता

बाकु । राष्ट्रपति रामचन्द्र पौडेलले जलवायु परिवर्तनका असरहरु सम्बोधन गर्न भनी व्यक्त गरिएका प्रतिबद्धताहरु पूरा गर्न सबै विकसित मुलुकहरुलाई आग्रह गर्नुभएको छ ।राष्ट्रपति पौडेलले गणतन्त्र अजरबैजानका समकक्षी ईल्हाम अलियेभसँग आज यहाँ भएको भेटवार्तामा सो आग्रह गर्नुभएको हो ।

"जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताप्रति नेपालको पूर्ण प्रतिबद्वता छ, विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष अगावै सन् २०४५ सम्म नेपालले शून्य कार्वन उत्सर्जनको उपलब्धि हासिल गर्ने लक्ष्य राखेकाले हामी सबै विकसित मुलुकहरुलाई जलवायु परिवर्तनका असरहरु सम्बोधन गर्न व्यक्त गरिएका आफ्ना प्रतिबद्धताहरु पूरा गर्न आग्रह गर्दछौँ", राष्ट्रपति पौडेलको भनाइ उद्धृत गर्दै उहाँका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो ।

राष्ट्रपति पौडेलले नेपालले अत्यन्त न्यून कार्बन उत्सर्जन गरे पनि जलवायु परिवर्तनको ठूलो प्रभाव बेहोरी रहेको बताउनुभयो । उहाँले हिमालमा भएको हिउँ पग्लिरहेको, तल्लो तटीय क्षेत्रका जनसंख्यालाई स्वच्छ खानेपानीको स्रोत घटीरहेको एवं जलवायु परिवर्तनबाट सृजित प्राकृतिक विपद्बाट हरेक वर्ष ठूलो जनधनको क्षति भइरहेको जानकारी दिँदै यसवर्ष पनि बेमौसमी भारी वर्षाका कारण नेपालले देशव्यापी जनधनको ठूलो क्षति व्यहोर्नुपरेको स्मरण गर्नुभयो ।

"सरकारले हरेक वर्ष बजेटको ठूलो हिस्सा जलवायुबाट प्रभावित जनसङ्ख्याका लागि खर्च गर्नु परिरहेको छ", राष्ट्रपति पौडेलले भन्नुभयो । पर्वतीय भू-बनोट तथा भू-परिवेष्ठित अवस्थितिका कारण हामीबीच भौगोलिक समानता मात्र नभइ पर्वतीय मुलुकले सामना गर्नुपरेका संरचनागत चुनौती र असरहरु पनि समान रहेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "जलवायु परिवर्तन विश्वको साझा विषय हो, पर्वतीय भू-भाग रहेको हाम्रा दुवै मुलुकले जलवायु परिवर्तनका खराब असरहरू सामना गर्नुपरिरहेको छ, नेपालले पर्वतीय मुलुकहरुले सामना गर्नुपरेका विषयलाई कोपलगायत मञ्चहरुमा उठाउँदै आएकाले यसमा अजरबैजानी सरकारको ऐक्यबद्धताका लागि आग्रह गर्न चाहन्छु ।"

सन् १९९१ मा स्वतन्त्र भएपछि अजरबैजानले हासिल गरेको बृहत् विकास र आर्थिक रूपान्तरणको राष्ट्रपति पौडेलले प्रशंसा गर्नुभयो । उहाँले राजनीतिक परिवर्तनपछि नेपाल हाल आर्थिक विकासको बाटोमा अघि बढिरहेको र सरकारको प्राथमिकता दिगो आर्थिक विकास भएको बताउनुभयो ।



सन् १९९५ मा नेपाल र अजरबैजानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । दुवै देशले संयुक्त राष्ट्रसंघलगायत बहुपक्षीय मञ्चमा दीगो विकास तथा जलवायु परिवर्तन जस्ता साझा चासोका विषयमा सहकार्य गरिरहेका छन् ।

"आर्थिक रूपान्तरण र विकासबिना हामीले हासिल गरेका राजनीतिक उपलब्धि संस्थागत गर्न सकिँदैन", राष्ट्रपति पौडेलले भन्नुभयो । उहाँले अजरबैजानका समकक्षी अलियेफको सक्षम नेतृत्वमा आयोजना भइरहेको कोप-२९ को पूर्ण सफलताका लागि बधाई दिँदै सम्मेलनले पारित गर्ने घोषणापत्रले नेपाल जस्ता अत्यन्त न्यून कार्वन उत्सर्जन गर्ने तर जलवायु परिवर्वनको ठूलो असर व्यहोरिरहेका मुलुकको हकहित संरक्षण गर्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले नेपालमा कृषि, पर्यटन र जलस्रोतका क्षेत्रमा लगानीको राम्रो सम्भावना रहेकोतर्फ ध्यानाकर्षण गराउनुभएको थियो ।

भेटवार्तामा अजरबैजानका राष्ट्रपति अलियेभले आफू अझै एक वर्ष कोपको अध्यक्ष रहने सन्दर्भमा जलवायु परिवर्तनसम्बन्धी मुद्दामा नजिक गरेर काम गर्ने बताउनुभएको सल्लाहाकार पोखरेलले जानकारी दिनुभयो । राष्ट्रपति अलियेफले नेपालले प्रस्ताव गर्ने क्षेत्रमा लगानी गर्न आफ्नो देश सकारात्मक रहेको बताउनुभयो ।

सन् १९९५ मा नेपाल र अजरबैजानबीच कूटनीतिक सम्बन्ध स्थापना भएको थियो । दुवै देशले संयुक्त राष्ट्रसङ्घलगायत बहुपक्षीय मञ्चमा दीगो विकास तथा जलवायु परिवर्तन जस्ता साझा चासोका विषयमा सहकार्य गरिरहेका छन् । राष्ट्रपति पौडेलले कोप-२९ अन्तर्गत उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई मङ्गलबार सम्बोधन गर्नुभएको थियो । सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गरेको थियो ।

राष्ट्रपति पौडेलले किर्गिस्तानद्वारा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनिओ गुटेरेसले अल्पविकसित राष्ट्रहरूका राष्ट्र/सरकार प्रमुखहरूसँग गर्नुभएको सामूहिक भेटघाट कार्यक्रममा समेत उहाँ सहभागी हुनुभएको थियो ।

यही कात्तिक २६ गतेदेखि सुरु भएको सम्मेलन आगामी मङ्सिर ७ गतेसम्म चल्नेछ । सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति पौडेल कतारको दोहा हुँदै सोमबार गणतन्त्र अजरबैजानको राजधानी सहर बाकु आइपुग्नुभएको हो । अजरबैजानका समकक्षीसँगको भेटपछि राष्ट्रपति पौडेल स्वदेश फर्कने क्रममा आजै बाकुबाट कतारको दोहाका लागि प्रस्थान गर्नुहुनेछ। राष्ट्रपति पौडेल शुक्रबार बिहान काठमाडौँ पुग्नुहुने कार्यतालिका छ ।

**राष्ट्रपति पौडेल बाकुबाट स्वदेश प्रस्थान**

राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानको बाकु सहरमा यही कात्तिक २६ गतेदेखि सुरु भएको 'जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको सम्मेलन (कोप-२९)' मा सहभागी भएर विहिबार यहाँबाट नेपालका लागि प्रस्थान गर्नुभएको छ । उहाँ बाकुबाट कतारको दोहा हुँदै स्वदेश फर्कनुहुनेछ ।

राष्ट्रपति पौडेललाई यहाँस्थित हैदर अलिएभ अन्तर्राष्ट्रिय विमानस्थलमा स्वास्थ्यमन्त्री तेमुर मुसाएभले बिदाई गर्नुभयो । अजरबैजानका राष्ट्रपति ईल्हाम अलियेभको निमन्त्रणामा उक्त सम्मेलनमा सहभागी हुन राष्ट्रपति पौडेल सोमबार बाकु आइपुग्नुभएको हो । भ्रमण दलमा प्रथम महिला सबिता पौडेल, वन तथा वातारणमन्त्री ऐनबहादुर शाही ठकुरी, राष्ट्रपतिका विज्ञ/सल्लाहकारसहित नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको सहभागिता छ ।

राष्ट्रपति पौडेलले कोप-२९ अन्तर्गत मङ्गलबार उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई सम्बोधन गर्नुभएको थियो । सो अवसरमा उहाँले हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा ख्याल गर्न विश्व समुदायलाई आव्हान गर्नुभयो ।

"हिमालको सुरक्षा भनेकै पृथ्वीको सुरक्षा हो भन्ने कुरा सबैले ख्याल गरौँ, पर्वतीय मुलुकका सेता हिमाल काला पहाडमा परिणत हुने क्रमले ती मुलुकमा मात्र होइन, तल्लो तटीय मुलुकहरूलाई सङ्कटमा पुर्‍याउँछ भन्ने विश्वले बिर्सन हुन्न", राष्ट्रपति पौडेलले भन्नुभयो ।

मङ्गलबार नै राष्ट्रपति पौडेल र गणतन्त्र माल्दिभ्सका समकक्षी डा मोहम्मद मुइजुसँग बाकुमा भएको भेटवार्तामा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनको मारमा हामी दुवै राष्ट्र परेका छौँ, तसर्थ यस विषयमा हामीले द्विपक्षीय सहकार्यलाई सुदृढ गरी जलवायु वार्तामा सहकार्य गर्ने र हाम्राजस्ता देशका लागि वित्तीय तथा प्राविधिक सहयोगका लागि संयुक्त प्रयास गर्नुपर्छ भन्नुभयो ।

सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन बुधबार यहाँ राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन गरेको थियो । सम्मेलन (कोप-२९) अन्तर्गत नेपालले आयोजना गरेको 'पर्वतीय क्षेत्रमा जलवायुजन्य हानी तथा नोक्सानीको सम्बोधन' शीर्षकको उच्चस्तरीय 'राउण्ड टेबल' बैठकलाई राष्ट्रपति पौडेलले सम्बोधन गर्नुभयो ।

यस्तै बुधबार राष्ट्रपति पौडेलले कीर्गिस्तानद्वारा जलवायु सम्बन्धमा बाकुमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै जलवायु परिवर्तनका कारण पीडित हुनेहरुलाई न्याय दिने हो भने उनीहरुले भोगेका जलवायु समस्या र गरिवी निवारण कार्यक्रमलाई एकीकृतरुपमा सम्बोधन गर्नुपर्ने बताउनुभएको थियो । सोही दिन कोप-२९ को सम्मेलनअन्तर्गत संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनिओ गुटेरेसले अल्पविकसित राष्ट्रहरूका राष्ट्र/सरकार प्रमुखहरूसँग बाकुमा गर्नुभएको सामुहिक भेटघाट कार्यक्रममा राष्ट्रपति पौडेलले जलवायु परिवर्तनबाट नेपालले भोग्नुपरेको असरको न्यूनीकरणका लागि विकसित देशहरुबाट अनुदान उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घका महासचिवलाई आग्रह गर्नुभयो ।

यस सम्मेलनको नारा 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' रहेको छ । सम्मेलन आगामी मङ्सिर ७ गतेसम्म चल्नेछ । कोप-२९ मा भाग लिन राष्ट्रपति पौडेल यही कात्तिक २५ गते काठमाडौँबाट दोहाका लागि प्रस्थान गर्नुभएको थियो ।रासस

# कोप-२९ मा नेपालको जलवायुजन्य हानिनोक्सानीबारे चर्चा

बाकु । अजरबैजानको बाकुमा यही कात्तिक २६ गतेदेखि सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९)को विहिबार चौथो दिन जारी छ।




भव्य समारोहका बीच सम्मेलन उद्घाटन भएसँगै यही कात्तिक २७ र २८ गतेको उच्चस्तरीय सत्रमा विश्वभरका नेताहरुले आआफ्ना धारणा व्यक्त गरेका थिए । 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन' शीर्षकको उच्चस्तरीय सत्रलाई राष्ट्रपति रामचन्द्र पौडेलले कात्तिक २७ गते सम्बोधन गर्नुभएको थियो । सम्मेलनमा नेपाली टोलीको नेतृत्व राष्ट्रपति पौडेलले गरिरहनुभएको छ ।

त्यस्तै नेपालले कात्तिक २८ गते सम्मेलनमा छुट्टै उच्चस्तरीय कार्यक्रम गरी जलवायुको असरले निम्त्याएका मौसमी विपद्बारे विश्वको ध्यानाकर्षण गराएको छ । राष्ट्रपति पौडेलको नेतृत्वमा सो कार्यक्रम आयोजना गरिएको थियो ।

सम्मेलनमा नेपालसहित अन्य पर्वतीय मुलुकका उच्चस्तरीय प्रतिनिधिहरुले पर्वतीय क्षेत्रको पारिस्थितिकीय प्रणालीमा जलवायु परिवर्तनले पुर्‍याएको असरबारेमा विश्वको ध्यानाकर्षण गराइएको थियो । जलवायु परिवर्तनका प्रभाव बहुआयामिक भएकाले जलवायु वित्त व्यवस्थापनका लागि हानि नोक्सानीसमेत समेट्नुपर्ने उहाँहरुको आह्वान थियो।

राष्ट्रपति पौडेलले प्रकृतिको संरक्षणका लागि विश्व समुदायसँग आह्वान गर्नुभएको थियो । उहाँले जलवायुजन्य सङ्कटका कारण पर्वतीय क्षेत्र असुरक्षित रहेको, हिमालको हिउँ पग्लिएर कालापत्थरमा परिणत हुँदै गइरहेको, हिमताल विष्फोट हुनसक्ने खतरा रहेको जनाउँदै पर्वतीय विषयलाई विश्व समुदायले उच्च प्राथमिकताका साथ लिनुपर्ने उल्लेख गर्नुभएको थियो ।

कीर्गिस्तानका राष्ट्रपति सद्यर जापारोभले जलवायु परिवर्तनका असरले पर्वतीय क्षेत्रका पारिस्थितिकीय प्रणाली र त्यहाँका जनताको जीवनशैलीमा परेको असरबारे ध्यानाकर्षण गराउँदै यसमा संयुक्त राष्ट्र सङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरुको सचिवालयले कार्य योजना बनाएर अघि बढ्नुपर्ने धारणा व्यक्त गर्नुभएको थियो । उहाँले जलवायु परिवर्तनबाट बढी प्रभावित पर्वतीय मुलुकहरु बीच सहकार्य आवश्यक रहेकोमा जोड दिनुभएको थियो ।

वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेका समस्याका बारेमा जानकारी गराउनुभयो । मन्त्री शाहीले निरन्तर बढ्दो तापमान र विश्वभर बढ्दो जलवायु जन्य घटनाहरू सँगै, नेपालले हालै विनाशकारी प्राकृतिक विपद बेहोर्नुपरेको उल्लेख गर्नुभएको थियो । हालैको वर्षा र त्यसका कारण आएको बाढीपहिरोमा परी दुई सय ५० बढीको मृत्यु र धेरै भौतिक क्षति पुर्‍याएको जानकारी उहाँले गराउनुभएको थियो ।

वन सचिव डा दीपककुमार खरालले नेपालमा बर्षेनी जलवायुजन्य विपदका कारण हिमालय पग्लने र समुद्रको सतह वृद्धि हुने जस्ता समस्यालाई सँगै मिलेर समाधान गर्नु आवश्यक रहेको उल्लेख गर्नुभएको थियो । पर्वतीय क्षेत्रमा हुने जलवायु जन्य प्रकोपहरुको प्रभाव केवल पर्वतीय क्षेत्रमा मात्र सीमित नहुने उल्लेख गर्दै उहाँले त्यसका असर तटीय क्षेत्रहरूमा पनि देखिने गरेको बताउनु भएको थियो ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत अनिल पोखरेलले नेपालले जलवालुजन्य मौसमी विपदबाट भोग्नुपरेका क्षतिबारे विवरण प्रस्तुत गर्नुभएको थियो ।

उक्त कार्यक्रममा संयुक्त अधिराज्य बेलायत, फ्रान्स, भूटान, कीर्गिस्तान, अजरबैजानलगायत देशका उच्चपदस्थ अधिकारीहरुसहित अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), विश्व वन्यजन्तु कोष (डब्लूडब्लूएफ) जस्ता विकास साझेदार संस्थाका प्रमुख एवं प्रतिनिधिहरुले जलवायु परिवर्तनका कारण विश्वमा पारेको असर, यसका चुनौती र सम्बोधन गर्नुपर्ने पक्षबारे धारणा व्यक्त गरेका थिए।

गत वर्ष संयुक्त अरब इमिरेट्सको दुबईमा सम्पन्न कोप-२८ मा पनि नेपालले हिमालका विषयबारे विश्वको ध्यानाकर्षण गराउन प्रधानमन्त्रीको नेतृत्वमा सम्मेलन कक्षमै उच्चस्तरीय बैठक आयोजना गरेको थियो ।

बाकु कोपमा विश्वका एक सय ९३ मुलुकका राष्ट्रप्रमुखदेखि अन्य उच्च व्यक्तित्वहरू सहभागी छन् । सम्मेलनको उच्च स्तरीय सत्रमा भने ४० देशका राष्ट्रपति वा उपराष्ट्रपति र ३५ देशका प्रधानमन्त्री सहभागी थिए ।आगामी मङ्सिर ७ गतेसम्म चल्ने कोप-२९ मा जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्यगरी छ वटा विषयलाई उच्च प्राथमिकतामा राखी नेपाली प्रतिनिधि तथा विज्ञहरू कोपमा उपस्थित भएका छन् ।

मन्त्रालयको जलवायु परिवर्तन व्यवस्थापन महाशाखा प्रमुख एवं सहसचिव डा सिन्धुप्रसाद ढुंगानाका अनुसार जलवायु वित्त, जलवायुजन्य हानिनोक्सानी न्यूनीकरण, कार्बन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका छ विषयगत कार्यपत्र तयार गरिएका छन् ।यस वर्षको सम्मेलन नयाँ वित्तीय प्रतिबद्धतामा केन्द्रित छ । जसलाई 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' नाम दिइएको छ । एनसिक्युजी वा 'फाइनान्स कोप' भनेर चिनिने नयाँ लक्ष्य यस सम्मेलनमा छलफल हुने र सन् २०२५ देखि प्रभावकारी हुने लक्ष्य राखिएको छ ।

कोप-२९ को मुख्य उद्देश्य जलवायुसम्बन्धी चुनौतीहरूको सामना गर्ने कमजोर देशहरूलाई सहयोग गर्न वित्तीय लक्ष्यहरूमा सम्झौताहरू सुरक्षित गर्नु हो । त्यस्तै कोप-२९ का विषयले वित्त, ऊर्जा सङ्क्रमण, मानव पूँजी, जैविक विविधता, खाद्य सुरक्षालगायत जलवायुका पक्षहरूलाई सम्बोधन गर्ने अपेक्षा गरिएको छ ।रासस

# आइटी उद्योगमार्फत रोजगार सिजर्ना गर्न सकिन्छ : सञ्चारमन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आगामी तीन वर्षभित्र तीन लाख युवालाई 'आइटी' उद्योगमार्फत रोजगारी सिर्जना गर्न सकिने बताउनुभएको छ ।



विहिबार यहाँ लिभिङ विथ आइसिटिले आयोजना गरेको 'स्टार्टअप एन्ड आइडिया फेस्ट २०२४' उद्धाटन गर्दै मन्त्री गुरुङले आइटी उद्योग विकासमा सरकारसँगै निजी क्षेत्रकोसमेत उत्तिकै सहयोगको अपेक्षा गर्नुभयो । उहाँले पहिलो वर्ष नीति परिमार्जन गर्दै दोस्रो वर्ष बजेट व्यवस्थापन गरी आइटी क्षेत्रमा आवश्यक काम थालनी गर्ने बताउनुभयो । यसका लागि सरकारले 'एआई' नीति ल्याउने, आइटी पूर्वाधार तयार पार्ने, बजेट विनियोजन गर्ने लगायतका योजना रहेको उहाँले जानकारी गराउनुभयो ।

आफ्नै कार्यकालमा काठमाडौँमा आइटी पार्क र ज्ञान पार्क (नलेज पार्क) निर्माण गर्नेसमेत प्रतिबद्धता जनाउनुभयो । मुलुकलाई डिजिटल बनाउने उद्देश्यको सुरुवात स्थानीय निकायका सरकारी काम प्रविधिमैत्री बनाइ सुरु गरिने उहाँले बताउनुभयो । "स्थानीय तहबाट डिजिटल नेपाल सुरु गर्छौँ, विस्तारै व्यापक बनाउदै लैजान्छौँ", उहाँले भन्नुभयो, "डिजिटल नेपाल बनाउने भनाइ र गराइ एकातिर भइरहेको छ । यसलाई सुधारेर नीतिगत व्यवस्था, पूर्वाधार निर्माण र योजनावद्ध शैलीमा सूचनाप्रविधिको विकास थालनी गर्दै छौँ ।"

कार्यक्रममा आइटी काउन्सिलका अध्यक्ष अजितकुमार साहले सरकारले हाल सूचनाप्रविधिको क्षेत्रमा गर्दै आएको कामलाई निरन्तरता दिन सकेमा सफलता हासिल गर्न सकिने बताउनुभयो । नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट)का सचिव रवीन्द्र ढकालले युवालाई स्वदेशमा टिकाउन प्रोत्साहन आवश्यक भएको बताउदै यसका लागि औद्योगिक प्रतिष्ठानको सहकार्य जरुरी रहेको बताउनुभयो ।

चेम्बर अफ कर्मसका सदस्य पङ्कज जलनले नीतिगत सुधार गरेर सरकारले युवालाई स्वदेशमै टिकाउने रणनीति ल्याउन आवश्यक रहेको बताउनुभयो । 'डिजिटल पेमेन्ट'मासमेत भ्याट लाग्दा प्रविधि प्रयोगकर्ता हतोत्साही भएको उल्लेख गर्दै उहाँले भ्याट हटाउन सरकार समक्ष अनुरोध गर्नुभयो । पूर्वमन्त्री गणेश साहले नेपालमा आइटी हबको सम्भावना प्रशस्त भएको बताउँदै बेरोजगारी समस्या कम गर्न सकिने चर्चा गर्नुभयो ।

लिभिङ विथ आइसिटीका अध्यक्ष राजन लम्सालले सरकारको डिजिटल फ्रेमवर्क उद्देश्य पूरा गर्न डिजिटल पूर्वाधार निर्माण, नीतिगत सुधारसँगै असल शासन आचरण पालना गर्न सुझाव दिनुभयो । शुक्रबारसम्म सञ्चालन हुने स्टार्टअप एन्ड आइडिया फेस्टमा विभिन्न आइटीसम्बन्धी नवीन कार्य प्रदर्शनीमा राखिएका छन् ।रासस

# अमेरिकी राष्ट्रपति बाइडेन र राष्ट्रपति निर्वाचित ट्रम्पबीच ह्वाइट हाउसमा भेटवार्ता

एएफपी

वासिङ्टन। अमेरिकी राष्ट्रपति जो बाइडेनले ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपतीय निर्वाचनबाट हालै नयाँ कार्यकालका लागि पुनरागमन गर्नुभएका रिपब्लिकन नेता डोनाल्ड ट्रम्पसँग भेटवार्ता गर्नुभएको छ। स्मरण रहोस्, राष्ट्रपति निर्वाचित ट्रम्फले चार वर्षअघि जो बाइडेनको विजयलाई अस्वीकार गर्दै शिष्टाचार भेट गर्ने र राष्ट्रपति निर्वाचित व्यक्तिलाई ह्वाइट हाउसमा स्वागत गर्ने र बधाई तथा शुभकामना दिने अमेरिकी परम्परालाई तोड्नुभएको थियो।

बाइडेनले आफ्ना कटु प्रतिद्वन्द्वीलाई नयाँ कार्यकालका लागि ह्वाइट हाउसमा उपस्थित हुने र भेटवार्ता गर्ने निम्तो दिएर शिष्टताको प्रदर्शन गर्नुभएको छ। ट्रम्पको यो भ्रमण उहाँलाई अमेरिकी कङ्ग्रेसको पूर्ण नियन्त्रण प्रदान गर्नका लागि हाउस अफ रिप्रेजेन्टेटिभ्समा रिपब्लिकनहरूलाई बहुमत प्राप्त दल घोषणा गरिएको र उहाँले महान्यायाधिवक्ताको रूपमा फायरब्रान्ड म्याट गेट्जसहित आफ्नो शीर्ष टोलीको लागि केही प्रमुख नियुक्तिहरूको घोषणा गरिएको समयमा भएको हो।

अमेरिकी राष्ट्रपति बाइडेन र आगामी फेब्रुअरी २० मा अमेरिकी नेतृत्वमा पुनरागमन गर्न लागेका नवनिर्वाचित राष्ट्रपति ट्रम्पले ओभल अफिसमा न्यानो आगोको अगाडि हात मिलाउँदै भेटवार्ता शुरू भएको थियो। ट्रम्पले सन् २०२० मा बाइडेनसँग आफ्नो हारलाई मान्यता दिन अस्वीकार गरेपछि तोडेको परम्परालाई पुनः स्थापित गर्दै बाइडेनले भन्नुभयो, "स्वागत



छ।" गत जुलाईमा चुनावबाट बाहिरिएका तर गत साता कमला ह्यारिस ट्रम्पसँग पराजित भएको देखेका एकासी वर्षीय बाइडेनले ७८ वर्षीय ट्रम्प लोकतन्त्रका लागि खतरा भएको संज्ञा पटक-पटक दिनुभएको थियो तर भेटमा मिठो स्वरमा शान्तिपूर्णरूपमा सत्ता हस्तान्तरण गर्ने प्रतिवद्धता जनाउनुभएको थियो। दुई नेताले हात मिलाउँदा बाइडेनले तलतिर हेर्नुभएको थियो भने भने ट्रम्पले अगाडि झुकेर बाइडेनको आँखामा नियाल्नुभएको थियो। बाइडेनसँगको निर्वाचनमा ट्रम्पले हार अस्वीकार गरेपछि सन् २०२१ मा अमेरिकी संसद भवनमा उहाँका समर्थकले आक्रमण गरेका थिए। रिपब्लिकन नेता ट्रम्पले यस वर्ष आक्रोशक र विभाजनकारी चुनावी अभियान चलाउनुभएको थियो।

"राजनीति कठिन छ, धेरै अवस्थामा यो धेरै राम्रो क्षेत्र होइन। यो आज राम्रो संसार हो र म यसको धेरै कदर गर्छु," ४५ औं अमेरिकी राष्ट्रपति बनिसक्नुभएका र ४७ औं अमेरिकी राष्ट्रपतिको सपथको पखाईमा रहनुभएका ट्रम्पले भन्नुभयो। ट्रम्पले पनि सत्ता हस्तान्तरण 'सहज' हुने बताउनुभएको छ। ह्वाइट हाउसकी प्रवक्ता करिन जीन पियरेले करिब दुई घण्टासम्म चलेको वार्ता निकै सौहार्दपूर्ण भएको बताउनुभएको छ।

विशेषगरी बाइडेनले युक्रेनलाई अमेरिकी समर्थनबारे सशङ्कित रहेका ट्रम्पलाई रुसविरुद्ध किएभको साथमा उभिनुपर्नेमा जोड दिएको राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बताउनुभयो। अमेरिकी प्रतिनिधि सभाको बहुमतका साथ रिपब्लिकनहरूले सिनेटमा आफ्नो नियन्त्रण बढाएपछि ट्रम्पको अमेरिकी प्रशासनमा सरकारको लगभग पूर्ण नियन्त्रण हुनेछ। अर्बपति नेता ट्रम्पले आफ्नो कार्यकालका लागि टोली नियुक्त गर्न द्रूत गतिमा अघि बढिरहनुभएको छ। उहाँका वफादारहरूले प्रमुख पदहरू लिइरहेका छन्।

बैठकको केही घण्टापछि ट्रम्पले अदालती लडाईं र महाभियोगको लडाईंमा आफ्नो बचाउ गर्ने कट्टर सहयोगीको वफादारीलाई पुरस्कृत गर्दै फ्लोरिडाका सांसद गेट्जलाई आफ्नो शीर्ष कानुनी अधिकारीको रूपमा नियुक्त गर्नुभएको छ। ट्रम्पको घोषणापछि गेट्जले कंग्रेसको आफ्नो पदबाट राजीनामा दिनुभएको छ। गेट्जले अझै पनि यौन तस्करी र एक नाबालिगसँग यौन सम्बन्ध राखेको आरोपमा अमेरिकी कंग्रेसको नैतिकता समितिको अनुसन्धानको लागि सुनुवाईको सामना गरिरहनुभएको छ।

ट्रम्पले युक्रेनका लागि अमेरिकी समर्थनको विरोध गर्ने र सिरियाका राष्ट्रपति बसर अल असदलाई भेटेकी पूर्व डेमोक्र्याटिक सांसद तुलसी गबार्डलाई पनि आफ्नो राष्ट्रिय गुप्तचर निर्देशकमा नियुक्त गर्नुभएको छ। ट्रम्पले गेट्जले 'हतियारयुक्त सरकार अन्त्य गर्ने' बताउनुभएको छ। ट्रम्पले फ्लोरिडाका सिनेटर तथा चीनका राष्ट्रपति मार्को रुबियोलाई विदेशमन्त्रीमा नियुक्त गर्नुभएको छ।

फक्स न्युजका प्रस्तोता पिट हेगसेथलाई मङ्गलबार रक्षामन्त्रीमा मनोनीत गर्नुभएको छ। तर उहाँले विश्वको सबैभन्दा शक्तिशाली सेनाको स्तरमा कुनै पनि कुराको व्यवस्थापन गर्ने अनुभवको कमीलाई ध्यानमा राख्दै सार्वजनिक वृत्तमा प्रश्न उठाइएको छ। यसैबीच ट्रम्पले विश्वकै सबैभन्दा धनी व्यक्ति तथा प्रमुख सहयोगी एलन मस्कलाई सरकारी खर्च कटौती गर्ने उद्देश्यले बनाइएको नयाँ समूहको प्रमुखमा नियुक्त गर्नुभएको छ।

स्पेस एक्स, टेस्ला र एक्सका मालिक मस्क बुधबार फ्लोरिडाबाट ट्रम्पका साथ वासिङ्टन पुग्नुभएको थियो। राष्ट्रपति ट्रम्पले चुनावपछिको एक हप्ता फ्लोरिडास्थित आफ्नो मार-ए-लागो रिसोर्टमा बिताउनुभएको थियो। ह्वाइट हाउसको बैठकअघि वासिङ्टनको एक होटलमा रिपब्लिकनहरूसँगको भेटमा ट्रम्पले आफू तेस्रो कार्यकालका लागि पनि खुला रहन सक्ने बताउनुभएको थियो।

# श्रीलङ्काको मध्यावधि निर्वाचनमा पनि राष्ट्रपति दिसानायकेको विजयी लक्ष्य

एएफपी

कोलम्बो। श्रीलङ्काकाको संसदको मध्यावधि निर्वाचनका लागि बिहीबार मतदान भएको छ। मतदानका लागि बिहानै देखि मतदाता मतदानस्थलहरूमा लामबद्ध भई शान्तिपूर्ण रूपमा मतदान गरिरहेका छन्।

राष्ट्रपति अनुरा कुमारा दिसानायकेको पार्टीले निर्वाचनबाट आर्थिक सुधारका लागि जनादेश प्राप्त गर्ने अपेक्षा गरिएको छ। दुई वर्षअघि तत्कालीन राष्ट्रपति गोटाबाया राजापाक्षेलाई सत्ताच्युत गरिएपछि देशको आर्थिक मन्दीपछि सुधारका लागि अघि बढ्न ५५ वर्षीय दिसानायकेले विधायिकाको २२५ सिटमध्ये दुई तिहाइ सिट जित्ने आशा गर्नुभएको छ। संसदीय निर्वाचनका लागि करिब एक करोड ७१ लाख मानिस मतदान गर्ने निर्वाचनमा आठ हजार ८०० उम्मेदवार प्रतिस्पर्धाका लागि छनोट भएका छन् र उनीहरूका अभियान शान्तिपूर्ण रहेको निर्वाचन अनुगमनकर्ताले बताएका छन्।

प्रहरी प्रवक्ता निहाल थलडुवाले ८० हजार प्रहरी अधिकारी परिचालन गरिएको निर्वाचनको अनुगमनका लागि पहिलो पटक ड्रोनको प्रयोग गर्न लागिएको जानकारी दिनुभयो। मतदान स्थानीय समयअनुसार साँझको ४:०० बजे सम्पन्न हुनेछ। भ्रष्टाचारविरुद्ध लड्ने र देशको चोरी भएको सम्पत्ति फिर्ता गर्ने वाचाका साथ गत सेप्टेम्बरमा भएको चुनावमा दिसानायके राष्ट्रपति निर्वाचित भएपछि पहिलोपटक सत्ताको नेतृत्व सम्हाल्नुभएको थियो।

कोलम्बोको वेलावाटे जिल्लामा पहिलो पटक मतदान गर्नेमध्येका एक ७० वर्षीय पेन्सनधारी मिल्टन गान्कान्डेगेले भन्नुभयो, "म नयाँ देश, जनताप्रति मैत्रीपूर्ण नयाँ सरकारको अपेक्षा गर्दछु।" उहाँले थप्नुभयो, "पहिलेका शासकहरूले हामीलाई धोका दिए। हामीलाई नयाँ शासकको समूह चाहिएको छ जसले देशको विकास गर्नेछ।" दिसानायकेको जेभीपी वा पिपुल्स लिबरेशन फ्रन्ट अर्को सरकार गठनका लागि चाहने पेसाकर्मीहरूको राष्ट्रिय जनसत्ता (एनपीपी) गठबन्धनको मुख्य घटक हो।

निवर्तमान विधानसभामा एनपीपीले जम्मा तीन सिट जितेको थियो। दिसानायके करिब २५ वर्षदेखि सांसद हुनुभएको थियो भने केही



समयका लागि कृषिमन्त्रीसमेत बन्नुभएको थियो। उहाँले सन् २०२२ मा देशलाई सबैभन्दा खराब आर्थिक सङ्कटमा पुऱ्याएको आरोप लागेका परम्परागत राजनीतिज्ञहरूबाट आफूलाई टाढा राख्दै देशको विकासमा आफ्नो अनुभवलाई निष्ठापूर्वक प्रयोग गर्ने बताउनुभएको छ।

उहाँको जेभीपी पार्टीले सन् १९७१ र १९८७ मा दुई विद्रोहको नेतृत्व गरेको थियो, जसका कारण कम्तीमा ८० हजारको मृत्यु भएको थियो दुई वटा विद्रोहको नेतृत्व असफल भएपनि दिसानायकेले सेप्टेम्बर २१ मा भएको चुनावबाट निर्वाचित बनेपछि सत्ता सम्हाल्नुभएको थियो। विश्वविद्यालयका प्राज्ञसमेत रहनुभएका ५२ बर्षीय विश्लेषक शिवलोगादासन भन्नुहुन्छ, "परिवर्तन तुरुन्तै हुने वा देखिने कुरा होइन। दिसानायकेलाई आफ्नो वाचा पूरा गर्न थप समय चाहिन्छ। केही चीजहरू परिवर्तन हुन थालेका छन्।"

पूर्ववर्ती राष्ट्रपति रनिल विक्रमासिङ्घेले अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट प्राप्त गरेको विवादास्पद २.९ अर्ब अमेरिकी डलरको बेलआउटमा पुनः वार्ता गर्ने यसअघिको प्रतिबद्धताका बावजुद दिसानायकेले अन्तर्राष्ट्रिय ऋणदातासँगको सम्झौतालाई कायम राख्ने निर्णय गर्नुभएको छ। देशको मुख्य निजी क्षेत्रको लबी, सिलोन चेम्बर अफ कमर्शले दिसानायकेलाई मौन समर्थन गरिरहेको छ र उहाँले सुधारका साथ अगाडि बढ्ने अपेक्षा गरेको छ।

"निरन्तरको सुधारले लगानीकर्ताको विश्वास र वित्तीय अनुशासन दुवैलाई प्रोत्साहित गर्न सक्छ, दिगो विकासको लागि आधार तयार गर्न सक्छ," सीसीसीका सचिव भुवानीकाबाहु परेराले मतदान अघि एएफपीसँग भन्नुभयो। अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को एक प्रतिनिधिमण्डलले बिहीबार कोलम्बोमा आर्थिक प्रगतिको समीक्षा गर्ने र त्यसपछि ३३ करोड अमेरिकी डलर बराबरको बेलआउट कर्जा जारी गर्ने कार्यक्रम छ।

गठबन्धन सरकारमा सहभागी हुन अभियान चलाएका विपक्षी नेता सजिथ प्रेमदासाले आफ्नो अन्तिम चुनावी ऱ्यालीमा दिसानायकेलाई कर कटौतीको वाचा पूरा गर्न दबाब दिने बताउनुभएको छ। सर्वेक्षण अनुगमनकर्ता र विश्लेषकहरूले बिहीबारको निर्वाचनले विगतका चुनावमा देखिएको उत्साह वा हिंसा दुवैको रेकर्ड तोड्न असफल भएको टिप्पणी गरेका छन्। राजनीतिक विश्लेषक कुशल परेराले भन्नुभयो, "विपक्षीहरू निस्प्रभावी देखिएका छन् यस परिवेशमा भएको निर्वाचनको परिणाम पूर्वनिर्धारित निष्कर्ष नै हो।"

निवर्तमान संसद्मा पूर्व राष्ट्रपति महिन्दा राजापाक्षेको पार्टी श्रीलङ्का पोदुजाना पेरामुना (एसएलपीपी) वा पिपुल्स फ्रन्टको वर्चस्व थियो। राजापाक्षेले चुनाव लड्नुभएको छैन तर उनका छोरा तथा पूर्व खेलकुदमन्त्री नमाल पुनः चुनाव लडिरहेका छन्। एक निजी क्षेत्रका ४९ वर्षीय उद्यमी दमयन्था परेराले आफूले अझै पनि एसएलपीपीलाई भोट हालेको बताउनुभयो। "मैले आफ्नो अन्तस्करणअनुसार मतदान गरें," उहाँले भन्नुभयो।

# ब्राजिलको सर्वोच्च अदालत नजिकै विष्फोट, एक जनाको मृत्यु

एएफपी

ब्रासिलिया। ब्राजिलको सर्वोच्च अदालत नजिकै स्थानीय समय अनुसार बुधबार भएको 'आत्मघाती आक्रमण'मा विस्फोटक पदार्थ बोकेका एक व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ।

जी-२० शिखर सम्मेलनको तयारी भइरहेका समय सङ्घीय सर्वोच्च अदालतमा पुगी प्रवेश गर्ने प्रयास गरेको तर सुरक्षा सतर्कताका कारण प्रवेश गर्न असफल भएको र पछि प्रवेशद्वारमा विस्फोट भएको थियो," लेओले भन्नुभयो। "आक्रमणबाट 'अन्य कसैलाई पनि चोट पटक लागेको छैन," उहाँले भन्नुभयो। उहाँले भन्नुभयो, "मृतकलाई विस्फोटक



सम्मेलन हुनुभन्दा केही दिनअघि उक्त आक्रमण भएको हो। ब्रासिलियाका उपराज्यपाल सेलिना लेओले प्रारम्भिक जानकारीअनुसार यो 'आत्मघाती' आक्रमण प्रयास थियो। उहाँले भन्नुभयो, "अदालत नजिकैको नजिकैको कारमा विस्फोट भएको र केही सेकेन्डपछि उक्त व्यक्ति बाहिर निस्केको देखिएको बताउनुभएको छ।

"आक्रमणकारी कारमा बसेर उपकरणसहित रहेको अवस्थामा घटनास्थलबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिएका छन्।" सङ्घीय प्रहरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "आक्रमणको अनुसन्धानका लागि प्रहरी अनुसन्धान सुरु गरिनेछ।"

अमेरिकी राष्ट्रपति जो बाइडेन र चीनका राष्ट्रपति सी चिनफिङसहित विश्वका नेताहरूको सहभागितामा आगामी सोमबारदेखि सुरु हुने जी-२० शिखर सम्मेलनको पूर्वसन्ध्यामा अधिकारीहरूले देशमा सुरक्षा व्यवस्था कडा पारिसकिएको बताएका छन्। राष्ट्रपति सी बुधबार ब्राजिलियाको राजकीय भ्रमणका लागि त्यसतर्फ प्रस्थान गर्ने कार्यक्रम छ।

सर्वोच्च अदालतले एक विज्ञप्ति जारी गर्दै बुधबारको सत्रको अन्त्यमा दुईवटा विष्फोट भएको र न्यायाधीशहरुलाई सकुशल बाहिर निकालिएको जनाएको छ। अदालत प्राका डोस ट्रेस पोडेरेसमा अवस्थित छ, जुन राष्ट्रपति भवन र कंग्रेसको पनि अगाडि रहेको छ। राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भा विस्फोटको समयमा राष्ट्रपति कार्यालयमा नभएको बताइएको छ।


ब्राजिलका सोलिसिटर जनरल जर्ज मेसियासले आक्रमणको निन्दा गर्नुभएको छ। उहाँले एक्समा लेख्नुभएको छ, "हामीले आक्रमणको पछाडिको प्रेरणालाई बुझ्न आवश्यक छ, साथै जतिसक्दो चाँडो शान्ति र सुरक्षा पुनः स्थापना गर्न आवश्यक छ।" राष्ट्रपति भवन सिल गरिएको छ र प्लाजाको वरिपरि ठूलो संख्यामा प्रहरी तैनाथ गरिएको छ। बोल्सोनारोका सल्लाहकार फाबियो वाजनगार्टनले यस घटनालाई लिएर सामान्यीकरण नगर्न चेतावनी दिनुभएको छ।

# उसागीका कारण फिलिपिन्समा उच्च सतर्कताका लागि चेतावनी जारी

एएफपी

मनिला। फिलिपिन्सले उसागी नाम दिइएको बिनाशकारी आँधीको चेतावनीपछि बिहीबार प्रभावित क्षेत्रका हजारौं मानिसहरूलाई खाली र सुरक्षित क्षेत्रमा सारेको छ। आँधीको प्रभाव यसपहिले नै अर्को आँधीबाट प्रभावित उत्तरतर्फ अघि बढ्दै गएपछि आँधीबेहरीको चेतावनी जारी गरिएको हो। प्रति घण्टा १८५ किलोमिटर सम्मको निरन्तर हावासँगै उसागी आँधी लुजनको मुख्य टापुमा अवतरण गर्ने सम्भावना रहेको जनाइएको छ।

बिनाशकारी मौसमी लहरले यसअघि नै १५९ जनाको ज्यान लिएको छ भने राष्ट्रसङ्घलाई प्रभावित क्षेत्रहरूका लागि तीन करोड २० लाख ९० हजार अमेरिकी डलर सहयोगको प्रस्ताव अन्तर्राष्ट्रिय समुदायसँग गरेको छ। राष्ट्रिय मौसम विभागका अनुसार आँधीले हल्का सामग्रीको संरचनामा लगभग पूर्ण क्षति पुऱ्याउन सक्छ। भारी वर्षा र तीन मिटरसम्मको सम्भावित कडा छालहरूको पूर्वानुमान गरी आँधीको चेतावनी उच्च चरणमा



लागु गरिएको छ।

कागायन प्रान्तमा आँधीले अवतरण गर्ने अपेक्षा गरिएकाले बासिन्दाहरूलाई सुरक्षित स्थानमा सारिएको अधिकारीहरूले जनाएका छन्। कागायनका नागरिक सुरक्षा प्रमुख रूएली राप्सिङले स्थानीय सरकारहरूले ४० हजार मानिसहरूलाई आश्रयमा लैजाने बताउनुभएको छ। उसागीपछि, उष्णकटिबन्धीय आँधी म्यान-यीले पनि यस सप्ताहन्तमा राजधानी मनिला वरपर फिलिपिन्सको जनसङ्ख्याको केन्द्रमा प्रहार गर्ने पूर्वानुमान गरिएको छ।

"आँधीहरू आउने क्रम जारी रहेको बताउँदै समुदायहरूले आघातबाट निको हुने प्रयास गरेसँगै, अर्को उष्णकटिबन्धीय आँधीले फिलिपिन्सलाई फेरि पभावित गरिरहेको संयुक्त राष्ट्रसङ्घ फिलिपिन्सका मानवीय संयोजक गुस्ताभो गोन्जालेजले बताउनुभएको छ। हालैको एक अध्ययनले एसिया-प्रशान्त क्षेत्रमा जलवायु परिवर्तनका कारण आँधीबेहरीको असर तटीयरेखामा तीव्र र लामो समयसम्म रहने गरेको देखाएको छ।

# पाकिस्तानमा विषाक्त धुवाँका कारण एकै दिनमा १५ हजारभन्दा बढी सङ्क्रमित

एएनआई

लाहोर। लाहोरलगायत पाकिस्तानका अन्य भागहरूमा विषाक्त धुवाँ फैलिँदा २४ घण्टामा १५ हजारभन्दा बढी व्यक्तिमा श्वासप्रश्वास जन्य सङ्क्रमण भएको एरी न्यूजले जनाएको छ। लाहोरका अस्पताल सुख्खा खोकी, सास फेर्न गाह्रो, निमोनिया र छातीमा सङ्क्रमण भएका बिरामीहरूले भरिएका एरी न्यूजले बाहेक पालो मिलाएर सेवा दिन निर्देशन गरेको छ भने विद्यालय र कलेजहरू बन्द गरिएका छन्। पछिल्लो समयमा उत्तरी पाकिस्तानमा फैलिएको धुवाँलाई नासाको 'मोडरेट रिजोलुसन इमेजिङ स्पेक्ट्रोरेडियो मिटर' ले पनि रिपोर्ट गरेको छ।

सन् २०२४ को 'नोभेम्बरको सुरुमा उत्तरी पाकिस्तानी आकाश धुवाँले ढाँकिदा हावाको



उल्लेख गरेको छ।

मेयो अस्पतालमा चार हजार बिरामी, जिन्ना अस्पताल तीन हजार छ सय बिरामी, गङ्गाराम अस्पतालमा तीन हजार बिरामी र बाल अस्पतालमा दुई हजार बिरामीलगायतका प्रमुख सरकारी अस्पतालमा अधिकांश श्वासप्रश्वासजन्य सङ्क्रमणबाट ग्रसित भएको भेटिएका छन्। पाकिस्तानका चिकित्सा विज्ञहरूले प्रदुषणका कारण दम र मुटुको रोगजस्ता समस्या भएका बालबालिका तथा बिरामीहरू अत्यधिक रूपमा अस्पतालमा उपचारका लागि पुगेका छन्। उनीहरुले प्रदुषण र धुवाँले निमोनिया, छातीको सङ्क्रमण र छालाका रोगहरूसहित विभिन्न भाइरल रोगहरूमा वृद्धि गरेको जनाएका छन्।

पाकिस्तानका विभिन्न भागहरूमा धुलो तथा धुवाँको प्रदुषण बढेको भन्दै यातायात विभागले नयाँ निर्देशन जारी गरी यातायातका साधनलाई अतिआवश्यक कामका लागि गुणस्तर घटेकाले विद्यालयहरू बन्द भएको र सयौं मानिसहरू अस्पतालमा पठाइएको नासा मोडिसले जनाएको छ। नासाले देशमा एक्यूआईको घट्दो स्तरलाई पनि ध्यानमा राख्दै पाकिस्तानको पञ्जाब क्षेत्रका केही भागहरूमा वायु गुणस्तर सूचकाङ्क नोभेम्बर १० मा एक हजार ९०० भन्दा माथि पुगेको जनाएको छ।

पाकिस्तानी मिडिया स्रोतका अनुसार पाकिस्तानको पञ्जाब प्रान्तीय विपद् व्यवस्थापन प्राधिकरणले प्रदुषण 'प्रकोप' घोषणा गरी आपतकालीन उपायहरू सुरु गरेको घोषणा गरेको थियो।

प्रदूषणबारे जानकारी दिँदै मोडिसले धुवाँको सतह बाक्लो भएकाले पाकिस्तानको परिदृश्यलाई पूर्ण रूपमा अस्पष्ट पारेको बताएको छ। पछिल्लो समयमा विश्वको सबैभन्दा बढी प्रदूषित सहरहरूको सूचीमा पाकिस्तानको लाहोर सहर परेको छ।

# ज्वालामुखी विस्फोटका कारण अवरुद्ध बालीका उडान सेवा पुनः सञ्चालनमा

एएफपी

जकार्ता। ज्वालामुखी विस्फोटका कारण अवरुद्ध भएका इन्डोनेसियाली रिसोर्ट टापुमा आउने र जाने उडानहरू पुनः सञ्चालनमा आएको विमान कम्पनीहरूले बिहीबार जनाएका छन्।

विगत दुई हप्तादेखि भएको ज्वालामुखी विस्फोटका कारण कम्तीमा नौ जनाको मृत्यु हुनुका साथै हजारौंलाई सुरक्षित स्थानमा सारिएको थियो। मौसम 'सुध्रिएको' अवस्थालाई उल्लेख गर्दै क्वान्टास र जेटस्टारले बालीमा आफ्नो सेवा पुनः सुरु गरेको विज्ञप्तिमार्फत जनाएका छन्।

एयरएशियाले बिहीबारदेखि बाली जाने उडानहरू पुनः सुरु गर्ने जनाएको छ भने अस्ट्रेलियाले आफ्नो वेबसाइटमा उडानहरू पुनः सुरु गर्ने बताएको



छ। यसैबीच, सिङ्गापुरको स्कुट एयरलाइन्सले लेवोटोबी लाकी-लाकीको ज्वालामुखी गतिविधिको कारण सिङ्गापुरबाट बाली र सुराबायाका लागि उडानहरू पुनर्निर्धारित गरेको जनाएको छ।

विमानस्थललका महाप्रबन्धक अहमद स्योगी साहाबले माउन्ट लेवोटोबी लाकी-लाकीबाट ज्वालामुखीको खरानी बुधबार साँझदेखि विमानस्थलबाट टाढा गइरहेको बताउनु भएको छ।

ज्वालामुखी विज्ञान विभागका अनुसार लेवोटोबी बिहीबार पुनः विस्फोट हुदाँ यसको खाडलबाट बाक्लो खरानी स्तम्भ र लाभा बगिरहेको देखिएको थियो।

विमानस्थलको इन्स्टाग्राम अनुसार ज्वालामुखी नजिकैको लाबुआन बाजोको पर्यटक स्थलमा रहेको विमानस्थल बिहीबार पुनः खोलिएको छ।

# यस्तो छ विदेशी मुद्राको विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले बिहीबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ ।

राष्ट्र बैंकका अनुसार विहिबार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७१ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३१ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४२ रुपैयाँ ९६ पैसा र बिक्रीदर एक सय ४३ रुपैयाँ ६० पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७१ रुपैयाँ ५९ पैसा र बिक्रीदर एक सय ७२ रुपैयाँ ३५ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५२ रुपैयाँ ९१ पैसा र बिक्रीदर एक सय ५३ रुपैयाँ १९ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिद दर ८७ रुपैयाँ ८४ पैसा र बिक्रीदर ८८ रुपैयाँ २४ पैसा, क्यानेडियन डलर एकको खरिद दर ९६ रुपैयाँ ४९ पैसा र बिक्रीदर ९६ रुपैयाँ ९२ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय रुपैयाँ ६५ पैसा र बिक्रीदर एक सय एक रुपैयाँ १० पैसा निर्धारण गरिएको छ ।जापानी येन १० को खरिददर आठ रुपैयाँ ६९ पैसा र बिक्रीदर आठ रुपैयाँ ७३ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ६७ पैसा र बिक्रीदर १८ रुपैयाँ ७६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३६ रुपैयाँ एक पैसा, कतार रियाल एकको खरिददर ३६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३७ रुपैयाँ १२ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइभाट एकको खरिददर तीन रुपैयाँ ८८ पैसा र बिक्रीदर तीन रुपैयाँ ९० पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ६८ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३० रुपैयाँ २९ पैसा र बिक्रीदर ३० रुपैयाँ ४२ पैसा, साउथ कोरियन वन एक सयको खरिददर नौ रुपैयाँ ६२ पैसा र बिक्रीदर नौ रुपैयाँ ६६ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १२ रुपैयाँ ३४ पैसा र बिक्रीदर १२ रुपैयाँ ४० पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ १६ पैसा र बिक्रीदर १९ रुपैयाँ २५ पैसा तोकिएको छ ।रासस



# लोकतान्त्रिक सिँचाइ कुलोको काम तत्काल सञ्चालन गर्न माग

खोटाङ । दिप्रुङ चुइचुम्मा गाउँपालिका-६ छितापोखरीस्थित टुवाखोला मुहान रहेको लोकतान्त्रिक सिँचाइ कुलो आयोजना तत्काल सञ्चालनमा ल्याउन स्थानीयले माग गरेका छन् ।

कोशी प्रदेश सरकार, खानेपानी, सिँचाइ तथा ऊर्जा मन्त्रालय विराटनगरको रु सात करोड ७२ लाख लगानीमा निर्माण सुरु गरिएको सिँचाइ कुलो आयोजना ठेकेदार कम्पनीको लापरबाहीले अलपत्र परेको भन्दै तत्काल काम अगाडि बढाउन स्थानीयले माग गरेका हुन् ।

निर्माणाधीन अवस्थामै अलपत्र परेको सिँचाइ कुलो आयोजनाको काम तत्काल सञ्चालनमा ल्याउनका लागि पहल गरिदिन बुधबार जिल्ला प्रशासन कार्यालय खोटाङ र जिल्ला समन्वय समिति खोटाङमा ज्ञापनपत्र बुझाइएको स्थानीय रामप्रसाद दङ्गालले बताउनुभयो ।

"निक्कै ठूलो कसरतले स्वीकृत भएको लोकतान्त्रिक सिँचाइ कुलो आयोजना ठेकेदारको लापरबाहीका कारण अलपत्र छ । निर्माणाधीन अवस्थामै आयोजना अलपत्र पर्दा राज्यकोषको रकमसमेत खेर जाने अवस्था सिर्जना भएको छ", उहाँले भन्नुभयो, "विभिन्न कारण देखाएर ठेकेदार कम्पनी उन्मुक्ति लिन खोजिरहेका छन् । बेँसी क्षेत्रमा बसोबास गर्ने कृषकको भविष्यसँग जोडिएको सिँचाइ कुलो आयोजनाको काम पुनःसञ्चालनमा नआएको खण्डमा चरणवद्ध आन्दोलन गर्छौं ।"





जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय खोटाङलाई बोधार्थ दिइएको ज्ञापनपत्रमा नेपाली कांग्रेस खोटाङका नेता केशवकुमार कार्की, नेपाल कम्युनिष्ट पार्टी (एमाले) खोटाङका पूर्वअध्यक्ष दङ्गाल र नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) खोटाङका जिल्ला संयोजक दीपक पाण्डे 'आकाश'ले संयुक्त हस्ताक्षर गर्नुभएको छ । आफूहरूले राजनीतिक दलको तर्फबाट नभइ स्थानीय उपभोक्ता भएको नाताले ज्ञापनपत्र बुझाएको उहाँहरूले भनाइ छ ।

जिल्ला समन्वय समिति प्रमुख सनबहादुर राईले समस्या समाधानका लागि आवश्यक पहल गर्ने बताउनुभयो । "करोडौं लगानीको आयोजना अलपत्र छ भन्ने जानकारी आएको छ । हामी स्थलगत अनुगमन पनि गर्छौं", उहाँले भन्नुभयो, "अनुगमनले आयोजना अलपत्र पर्नुको कारण पत्ता लाग्छ । ठेकेदारको लापरबाहीकै कारण काम नभएको हो भने कारबाहीका लागि सिफारिस गर्छौं ।"

तीन वर्षभित्र सम्पन्न गर्नेगरी निर्माण कम्पनी स्काई-विवश-रामसागर जेभीले ठेक्का लिएको आयोजनाको लागि अन्तिमपटक थपिएको म्याद आगामी चैत-१६ गतेसम्म रहेकाले पुनःकाममा फर्काएर आयोजनाको काम सम्पन्न गर्न लगाउनेगरी समन्वय भइरहेको जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय प्रमुख डा महेश यादवले बताउनुभयो । "लोकतान्त्रिक सिँचाइ कुलो आयोजनाको काम पेटी ठेकेदारमार्फत भएको रहेछ ।

उसले काम गर्न नसकेपछि मुख्य ठेकेदारसँग सम्पर्क गरेका छौं । मुख्य ठेकेदार कम्पनीका प्रतिनिधिले तोकिएको काम जसरी पनि सम्झौता मितिभित्र पूरा गर्नुपर्ने हुन्छ । यदि पूरा नगरेको खण्डमा धरौटी जफत गरेर कानूनी प्रक्रिया अगाडि बढाउँछौं", उहाँले भन्नुभयो ।

तीनवटा निर्माण कम्पनीको सहकार्यमा सम्झैता गरेर निर्माण सुरु गरिएको आयोजनाको काम एउटा कम्पनीका प्रतिनिधिले कमजोरी गर्दा समयमा सम्पन्न गर्न नसकिएको रामसागर निर्माण कम्पनीका सञ्चालक राम पौडेलले बताउनुभयो।

"तीनवटा निर्माण कम्पनीमध्ये विवश इन्टरनेश्नल प्रालिले निर्माणको जिम्मा लिएको थियो ।

उसले काम गर्न नसकेपछि त्यसलाई हटाएर रोकिएको काम सुरु गर्ने प्रक्रिया अगाडि बढिसकेको छ", उहाँले भन्नुभयो, "धेरै काम सम्पन्न भइसकेका छन् । सम्झौता मिति सकिन अझै बाँकी रहेकाले तोकिएकै समयभित्र काम सम्पन्न गरेर हस्तान्तरण गर्छौं ।"

विवश इन्टरनेश्नल प्रालिका प्रतिनिधिले स्थानीयबासीको अवरोधका कारण काम गर्न नसकिएको काम छाडेको थियो । निर्माणाधीन अवस्थामै आयोजनाको काम छाडेर हिँडेपछि दिप्रुङ चुइचुम्मा गाउँपालिकाको कार्यालयले जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय खोटाङलाई निर्माणस्थलमा कुनै पनि विवाद नरहेको पत्रसमेत लेखेको छ ।

सम्झौताअनुसार तीन फिट गहिरो खाल्डो खनेर त्यसभित्र पोलेथिन पाइप बिच्छ्याएर सञ्चालन गर्नुपर्ने सिँचाइ कुलो आयोजनामा यसअघिका ठेकेदारको लापरबाहीले गुणस्तरीय काम नभएको भन्दै स्थानीयले विरोधसमेत जनाएका थिए । स्थानीयको विरोधपछि ठेकेदारले काम नगरेपछि बिच्छ्याइएका पाइप जथाभावी छरिनुका साथै कतिपय जङ्गलमा लागेको डढेलोले जलेर नष्ट भएका छन् ।

विसं २०७७ सालमा डिभिजन कार्यालय खोटाङमा सम्झौता गरेर निर्माण सुरु गरिएको आयोजनाअन्तर्गत १३ किलोमिटर लामो पाइप लाइनमध्ये आठ किलोमिटर काम सम्पन्न भएको ठेकेदार कम्पनीले जनाएको छ । दिप्रुङ चुइचुम्मा गाउँपालिका-४ बतासेस्थित साबिकको दुईवटा वडा तथा वडा नं ५ सप्तेश्वर छितापोखरीको तल्लो भागका स्थानीयबासीको खेतबारी सिँचाइ गर्ने उद्देश्यले आयोजना अगाडि बढाइएको थियो । रासस

# पुर्ख्यौली पेसा नै प्यारो

गलकोट । मध्यपहाडी पुष्पलाल लोकमार्गको घुम्तीमा सन्तोष विश्वकर्माको सानो आरन व्यवसाय छ । बागलुङ नगरपालिका–४ उपल्लाचौरमा आरन व्यवसाय गर्दै आउनुभएका ४१ वर्षीय सन्तोष पूर्खाको आरन व्यवसाय धान्न पाएकामा प्रसन्न हुनुहुन्छ ।



१६ वर्षको कलिलो उमेरमा रोजगारीका लागि भारत जानुभएका सन्तोष त्यहाँबाट फर्केर पुर्खाको पेसामा लागेको र यसमै सन्तुष्ट रहेको बताउनुहुन्छ । "भारतमा लामो समय काम गर्दासमेत भनेजस्तो कमाउन सकिएन । हाल नेपालमै काम गरिरहेको छु। आफ्ना पुर्खाको आरन पेसा अगाल्दा पैसाभन्दा बढी सन्तुष्टि मिलिरहेको छ", उहाँ भन्नुहुन्छ ।

बागलुङ नगरपालिका-९ तित्याङ घर भएका विश्वकर्माले आरन चलाएर राम्रो आम्दानी गर्दै आएको बताउनुभयो । उहाँले भारतमा १० वर्ष सिल्टेको भाडा बनाउन सिकेको कामले स्वदेशमा कमाइ गरेको बताउनुभयो । "भारतमा १० वर्ष सिल्टेको भाडा बनाउने कम्पनीमा काम गरेँ । १६ घण्टा काम गर्नुपर्दा निकै दुःख थियो । कमाइ खासै थिएन तर काम भने सिकियो, भारतमै केही वर्ष सिल्टेबाट बनेका भाडा बिक्रीको काम पनि गरेँ, व्यवसायमा घाटा भएपछि नेपाल फर्के",उहाँले भन्नुभयो,"पुर्खाको पेसा र भारतको सिकाइले मलाई आत्मबल मिल्यो । बालीघरे प्रथाले पहिला गाउँमा खासै आम्दानी थिएन, बागलुङ बजार झरेपछि भने श्रमको मूल्य पाएको छु ।" आफ्नै देशमा काम गर्न पाएकोमा सन्तोष खुसी हुनुहुन्छ । साथीभाई अहिले रोजगारीका लागि विभिन्न देश पुगे पनि भारतबाट फर्केपछि आफूलाई भने विदेश जान मन नलागेको उहाँको भनाइ छ । "आरन व्यवसायबाट एकदमै खुसी छु, यहाँ सबैसँग खुलेर कुराकानी गर्न पाइन्छ, अन्यत्र भाषाको समस्या हुन्छ, आफू ठूलो देशमा नगए पनि आफूले उत्पादन गरेका फलाम, तामा र सिल्टेका भाडा जापान, अमेरिका लगायतका देशमा पुगेका छन्", विश्वकर्माले भन्नुभयो, "अहिले सजावटका लागि तामाको भाडाको निकै माग छ, तामाको भाडामा पानी खाने प्रचलन फेरि फर्केको छ, उपहार र आफन्तका लागि विदेशमा समेत सामग्री खरिद गरेर पठाउने प्रचलनले व्यापार फष्ठाएको छ ।"

सन्तोषले उत्पादन गरेका हसिया, बाउसो, खुकुरीलगायत सामग्रीका लागि बजारको अभाव नभएको बताउनुभयो । फलाम, तामा र सिल्टेका विभिन्न सामग्री उत्पादन गर्न सके बजारको समस्या नरहेको उहाँको अनुभव छ । आफूले उत्पादन गरेका अधिकांश भाडा तथा हात हतियार आरनबाटै बिक्री हुने गरेको र डाडु, पन्यु, दाब, खुकुरी, बन्चरो, हँसिया बढी मात्रमा बिक्री हुने गरेको विश्वकर्माले जानकारी दिनुभयो ।

आफ्नो उत्पादनबारे स्थानीय सरकारलाई भने खासै चासो नभएको विश्वकर्माको गुनासो छ । उहाँले परम्परागत पेसालाई संरक्षण गर्न र यसतर्फ युवाहरूलाई आकर्षित गर्न सरकारको सहयोग आवश्यक रहेको बताउनुभयो । पछिल्लो समय काम गर्ने मान्छे नपाइदा समस्या भएको र पुस्तान्तरणको अभावमा पेसा लोप हुने अवस्थामा पुगेकामा विश्वकर्माले चिन्ता व्यक्त गर्नुभयो । "अहिले काम गर्ने मान्छे पाइँदैनन्, पछिल्लो पुस्तालाई विदेशकै मोह छ, विदेश नै जाने, धन कमाउने भन्छन् । पुर्ख्यौली पेसा संरक्षणमा स्थानीय सरकारले ध्यान दिने, पेसालाई आधुनिकरण गर्ने र प्रोत्साहन गर्ने हो भने यतै राम्रो गर्न सकिन्छ", उहाँले भन्नुभयो ।रासस

# उपकरण मर्मतमा ढिलाइ हुदाँ अझै सुरु हुन सकेन सिमेन्ट उत्पादन

बागमती । निर्धारित समयमा उपकरण मर्मत हुन नसक्दा हेटौँडा सिमेन्ट उद्योग सञ्चालनमा ढिलाइ भएको छ । उद्योग व्यवस्थापनले तिहारपछि सिमेन्ट उत्पादन सुरु गर्ने भनिए पनि विभिन्न उपकरण मर्मतको काम नसकिँदा अझै उत्पादन सुरु हुन नसकेको हो ।

उद्योग व्यवस्थापन समितिका अध्यक्ष नरेन्द्र भण्डारीले उपकरण मर्मतमा ढिलाइ भएका कारण योजनाअनुसार उत्पादन सुरु गर्न नसकिएको बताउनुभयो । "उद्योगको क्लिनिकलरलगायत उपकरणको मर्मतकार्य अझै भइरहेकै छ । हामीले तिहारसम्ममा मर्मत सकिन्छ र लगत्तै पुनः उत्पादन सुरु हुने अनुमान गरेका थियौँ । तर अझै उपकरण मर्मतको काम नसकिएकाले उद्योग सञ्चालन हुन अझै करिब १५ दिन लाग्न सक्छ", उहाँले भन्नुभयो ।


उद्योगबाट यही असोज १५ गतेदेखि उत्पादन बन्द गरिएको थियो । उपकरण मर्मतका लागि भारतबाट श्रमिक ल्याउनुपर्ने भएकाले यससम्बन्धी काममा थप समय लागेको जानकारी दिनुहुँदै अध्यक्ष भण्डारीले तीव्र रूपमा मर्मतसम्भार भइरहेकाले छिट्टै सकिने र त्यसलगत्तै उत्पादन सुरु गरिने बताउनुभयो । "हामीसँग कच्चा पदार्थको कुनै अभाव छैन । उद्योगलाई चाहिने करिब चार सय मेट्रिक टन कोइला मौज्दात छ । थप कोइला खरिद प्रक्रिया अघि बढिसकेको छ, त्यसैले कोइलाको समस्या छैन", उहाँको भनाइ थियो ।




आर्थिक अभावका कारण यसअघि दुई महिना उद्योग बन्द भएको थियो । गत भदौ महिनाको तेश्रो साताबाट सिमेन्ट उत्पादन सुरु गरेको उक्त उद्योगले यसअवधिमा ६५ हजार बोरा सिमेन्ट उत्पादन गरेको अध्यक्ष भण्डारीले बताउनुभयो । विसं २०३३ सालमा हेटौँडाको लामसुरेमा स्थापना गरिएको उक्त उद्योगले विसं २०४३ सालदेखि सिमेन्ट उत्पादन सुरु गरेको थियो ।रासस

# महिलाका लागि आम्दानीको आधार बन्दै घोँगी व्यापार

धरान । घोँगीको व्यापार यहाँका धेरैजसो महिलाका लागि आम्दानीको आधार बनेको छ । यही व्यापारबाट आर्जेको पैसाले आफ्ना र परिवारका आवश्यकता पूरा गर्न निकै सघाउ पुगेको यसमा सङ्लग्न महिलाहरूले बताउने गरेका छन् । रामधुनी नगरपालिका-१ झुम्का हाटबजारमा घोँगीको व्यापार गर्दै आउनुभएकी वडा नं ५ की जमुना मुखियाले यसबाट राम्रो आम्दानी भइरहेको सुनाउनुभयो ।



उहाँले सुनसरीको झुम्का, कालाबन्जरलगायतका हतियामा घोँगी बेच्नका लागि जाने गरेको बताउनुभयो । मुखियाले मोरङ्को निमुवाबाट आफैँले पोखरीबाट घोँगी खोजेर बिक्री गर्दै आएको सुनाउनुभयो । उहाँले भन्नुभयो, "मेहेनतअनुसार राम्रै आम्दानी हुने गरेको छ, अरु व्यवसायको तुलनामा निक्कै सहज पनि हुने भएकाले यसैमा लागिरहेकी छु । यो हाम्रो पुर्ख्यौली व्यापार जस्तै हो", उहाँले भन्नुभयो, "विगत लामो समयदेखि विभिन्न ठाउँका हटियाबजारमा गएर व्यापार गर्दै आएकी छु । झुम्कामा लाग्ने हटियाबजार भने व्यापार गर्ने मुख्य थलो हो ।"

झुम्काको हटियाबाहेक कालाबन्जर बराह क्षेत्रलगायत ठाउँमा पनि हटियाबजार लागेको समयमा घोँगीको व्यापार गर्न जाने गरेको उहाँले बताउनुभयो । अचेल घोँगी भने जताततै पाइँदैन । मोरङको निमुवा पोखरीसम्म पुगेर खोजेर ल्याउनुपर्छ । "अचेल घोँगी पाइँदैन, त्यसैले निमुवा पुग्नुपर्छ तर खोज्न दुःख भए पनि व्यापारबाट मासिक रु ५० हजारसम्म मज्जाले आम्दानी हुँदै आएको छ । आफूले पोखरीमा पालेर बिक्री गर्ने हो भने राम्रो आम्दानी हुन्थ्यो होला", उहाँको भनाइ थियो ।

प्रत्येक हप्ता लाग्ने हाटबजारमा घोँगी किन्न बराहक्षेत्र, इटहरी, धरान, इनरुवालगायका ठाउँबाट ग्राहक आउने गरेका छन् । मागअनुसार घोँगी पुऱ्याउनै नसकिएको मुखियाले बताउनुभयो । उहाँले प्रतिकिलो घोँगी रु एक सयमा बिक्री गर्दै आएको र एउटा हटियाबजारबाट दिनमा ९० देखि एक सय किलोसम्म बिक्री गर्दै आएको बताउनुभयो ।

उहाँ मात्रै होइन सोही नगरको वडा नं १ की रत्नीदेवि माला विगत १२ वर्षदेखि घोँगीको व्यापार गर्दै आउनुभएको छ । उहाँले हाल सुनसरीको भन्टाबारी पोखरीमा आफैँले घोँगी पाल्नुभएको छ । यही पोखरीबाट उत्पादन भएको घोँगी इटहरी, झुम्का, कालाबन्जरलगायत ठाउँमा दैनिकजसो ६० देखि ७० केजीसम्म बिक्री गर्दै आएको मालाले बताउनुभयो । "घोँगीमा भिटामिनको मात्रा प्रशस्त पाइने हुनाले रुघा र चिसो लागेको बेला मान्छेले अत्याधिक खरिद गर्ने गरेका छन् ।

अब चिसोयाम आयो, हाम्रो व्यापार पनि राम्रै फस्टाउँछ", उहाँले भन्नुभयो ।

रामधुनी नगरपालिका-१ कै रेम्नी मुखियाले पनि विगत सात वर्षदेखि घुँगीको व्यापार गर्दै आएको बताउनुभयो । उहाँले पनि भन्नुभयो, "विगत सात वर्षदेखि यसै व्यापारमा लागिरहेकी छु । राम्रो आम्दानी हुन्छ । खोलाबाट खोजेर ल्याउन मात्र समस्या हो, बजारको त समस्ष छैन । पछिल्लो समय मोरङ्को निमुवामा आफ्नै पोखरीमा घोँगी पालेकी छु । दैनिक ७० देखि ८० किलोसम्म बिक्री गरेर आम्दानी गरिरहेकी छु ।"

गर्मीयामभन्दा जाडोमा घोँगीको व्यापार राम्रो हुने गरेको छ । पुसको दोश्रो सातादेखि माघ-फागुनको अन्तिमसम्म व्यापार हुँदा यहाँ लाग्ने हरेक हाटबजारमा किन्ने र बेच्नेहरूको घुइँचो लाग्ने गर्छ । यहाँको झुम्का हाटबजारमा मात्रै सातदेखि दश जना महिला लहरै बसेर व्यापार गर्दै गरेको देखिन्छन् ।रासस

# पकेट क्षेत्रकै सुन्तलामा औँसा कीराको प्रकोप

पर्वत । सुन्तला खेतीको लागि पकेट क्षेत्र मानिएका यहाँको मोदी गाउँपालिका-२ देउपुर, फलेवास नगरपालिका-१० कुर्घा, वडा नं ११ पाङराङ र दक्षिण पर्वतको पैँयू गाउँपालिका-३ त्रिवेणीमा एक सातादेखि औँसा कीराको प्रकोप फैलिएको छ ।

पाक्ने बेलाको सुन्तलामा औंसा कीराको प्रकोपले सुन्तला झर्ने र हाँगा सुक्न थालेपछि किसान चिन्तित बनेका छन् ।

देउपुरका किसान भूमिराज शर्माले असिना र खडेरीबाट जोगिएको सुन्तला बिक्री गरेर केही आम्दानी गर्ने बेलामा कीराको प्रकोपले क्षति पुगेको बताउनुभयो । देउपुरमा मात्रै तीन सय बढी किसानले व्यावसायिक सुन्तला खेती गर्दै आएका छन् । यो गाउँबाट गत वर्ष रु पाँच करोडको सुन्तला बिक्री भएको स्थानीय माछापुच्छ्रे सुन्तला उत्पादक समूहका अध्यक्ष दाताराम चापागाईले जानकारी दिनुभयो ।

उहाँका अनुसार यसवर्ष ५० प्रतिशत बढी बोटमा प्रकोप फैलिसकेको छ ।

गत वर्ष पनि यस्तै समस्या भएपछि कृषि ज्ञान केन्द्रले अभियानकै रुपमा तालिम र विषादी वितरण गरेको थियो । अर्का किसान लालु चापागाईंले कीरा लागेर धमाधम सुन्तला नष्ट भएको बताउनुभयो ।

पर्वतमा उत्पादित सुन्तला पोखरा, काठमाडौं, नारायणगढ र बुटबलसम्म बिक्रीका लागि लगिन्छ । यसवर्ष अहिलेसम्म व्यापारी आइपुगेका छैनन् । कृषि ज्ञान केन्द्रले देउपुरलगायत विभिन्न स्थानमा औँसा कीराको प्रकोप देखिएको जनाएको छ । केन्द्रका बाली संरक्षण अधिकृत शङ्कर पौडेलले सुन्तलाका पकेट क्षेत्रमा सुन्तला झर्ने र हाँगा सुक्ने समस्या देखिएको बताउनुभयो ।

"मुख्य गरी सुन्तला झर्ने समस्या फलमा आउने औंसा कीराको कारणले हो," उहाँले भन्नुभयो, "अघिल्लो वर्ष अभियानकै रूपमा तालिम र विषादी बाँडिएको थियो । अघिल्लो पटक बाँडिएको विषादी सही रूपमा प्रयोग नगर्ने किसानको बगैंचामा समस्या देखिएको छ ।

समग्रमा अघिल्लो पटक भन्दा यस वर्ष उत्पादन घटेको छ ।" ग्रिनिङ रोगको समस्या, सुक्ष्म खाद्य तत्वको कमी, उपयुक्त व्यवस्थापनको कमी, अन्य रोग कीराले पनि यो समस्या आउने पौडेलले बताउनुभयो ।रासस

**Madhesh Institute of Health Sciences**

**Provincial Hospital**

**Janakpurdham**

**Bid Addendum Notice N0.-2**

**Bid Addendum Publication Date: 15 November 2024**

Addendum is done in IFB No. MIHS/GOODS/NCB/2081-82/02; The Procurement of Supply of Medical and Surgical Equipments; Published on 18 October 2024. For details on Bid Addendum, visit www.bolpatra.gov.np/egp.

# गढीमाई मेला व्यवस्थापनको तयारीमा जुट्यो



**सिकेन्द्र पासवान**

बारा । ऐतिहासिक मन्दिर गढीमाई मेला व्यवस्थापन तथा तयारी तीव्र रुपमा भइरहेको मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिका अध्यक्ष उपेन्द्र यादवले जानकारी दिएका छन् ।

१ हजार विघामा लाग्ने मेलामा ४० वटा घुम्ती शौचालय, १ हजार अस्थायी शौचालय, १ हजारभन्दा चापाकल जडान, दर्जनौ बोरिंग, २७ सय पसल, ३ वटा हेली कपटर मेला समितिको तर्फबाट २, नेपाली सेनाको तर्फबाट १ वटा १० वटा भेन्टिलेटरसहितको दक्ष चिकित्सकद्वारा उपचार गर्ने सुविधा सम्पन्न अस्थायी अस्पताल निर्माण, २ हजार ५ सय सुरक्षाकर्मीहरु, २ सय जना नेपाली सेनासमेतको परिचालन गर्ने मेला समितिका अध्यक्ष यादवले बताए । मेलामा पर्न आएका विपतका लागि पुरै तयारी गरिएको छ उनले भने ।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, महागढीमाई मेला समितिको तर्फबाट अस्थायी अस्पताल निर्माण कार्य गर्ने भएको छ । शुद्ध खानेपानीको काम प्रदेश र संघ सरकारले आफना प्राविधिक खटाएर कामको थालनी तीव्र रुपमा गरिरहेको उनले बताए ।

मेला महा मेला भएको हुँदा तीनै वटा स्थानीय तहका सरकारहरु स्थानीय, प्रदेश र संघ सरकार सफल पार्नका लागि परेको सो अवसरमा जानकारी दिए ।

सो मेलामा भारतबाट आउने भक्तजनहरुका लागि आजैदेखि गढीमाई मन्दिरसम्म आउने नाकाहरु रक्सौल, मटियर्वा सिम्रौनगढ, गौरबाट हलुका सवार ीसाधनहरुलाई बिना शुल्क इन्ट्री गरेर मात्र सहज रुपमा आउने वातावरण मिलाएको महागढीमाई नगरपालिकाका मेयरसमेत रहेका मेला अध्यक्ष यादवले बताए ।

सोको लागि भन्सारका प्रमुखहरुसंग कुरा समेत गरिसकेको बताए । भारतको विभिन्न ठाँउबाट आउने भक्तजनहरुको सुविधाका लागि ट्रेनको बढीभन्दा बढी व्यवस्थापन गरी कम्तीमा भडामा ५० प्रतिशत छुट गर्नका लागि भारतीय उच्च अधिकारीहरुसंग छलफल भइरहेको अध्यक्ष यादवले बताए ।

काठमाण्डुबाट सिमरासम्म आउने हवाई जहाजहरुलाई बढाउनका लागि कुराकानी भएको र मंसिर १० गतेदेखि ४० देखि ५० वटा उडान गराउने प्रतिवद्धता आएको उनले बताए । ५० लाखभन्दा बढी भक्तजनहरुलाई फ्रि वाईफाई सुविधा मेलाको चार किला भित्रमा मेला अवधि सम्म नेपालमा रहेको विभिन्न नेट कम्पनीहरुबाट समेत उपलब्ध गराउने प्रतिवद्धता आएको खुलासा अध्यक्ष यादवले गरेको बताए ।

तर ठूला गाडीहरुको हकमा भन्सार गराएर मात्र मेलासम्म आउने दिने तयारी मेला समितिका अध्यक्ष यादवले बताए ।

# आज कमला नदीमा 'भूत मेला'



**टुडे समाचारदाता**

जनकपुरधाम । परापूर्वकालदेखि नै कमला नदीमा स्नान गरेर कमलेश्वरी माताको शुक्रबार पूजा अराधना गर्ने गरिन्छ ।

धनुषा-सिरहासंग जोडिएको कमला नदीमा स्नान गर्न दुरदराजबाट समेत श्रद्धालु भक्तजनहरुको घुइँचो लाग्ने गर्छ ।

कार्तिक पुर्णिमाको अवसरमा नयाँ सिकारी धामी झाँक्रीहरु आ-आफ्ना गुरुबाट दिक्षा लिई कमला नदीमा स्नान गरी कमलेश्वरी माताको पूजा अराधना गरी देउता अर्थात भूत खेल्ने धार्मिक परम्परा रहेको छ ।

सो दिन कमला नदीमा लाग्ने मेलामा हजारौँको संख्यामा धामी झाँक्रीहरुसमेत सहभागी हुने गरेका छन् ।

यस मेला सिरहा, धनुषा, महोत्तरी, सप्तरी, उदयपुर र सीमावर्ती भारतको मधुवनी, दरभंगा, समस्तीपुरलगायत जिल्लाका लाखौं मानिस कमला नदीमा स्नान गर्न श्रद्धालु भक्तजनहरु आउने गर्छन् ।

### सबैला र कमला नगरपालिकामा विदा

धनुषाको सबैला र कमला नगरपालिकाले कमलेश्वरी माताको पूजाअर्चनाका लागि सार्वजनिक विदा दिएको छ ।

हिन्दू धर्मावलम्बीहरुले कार्तिक पुर्णिमाको दिन कमला नदीमा स्नान गर्दै पूजापाठ गरी कार्तिक पुर्णिमा मनाउनका लागि सबैला नगरपालिकाले शुक्रबार सार्वजनिक विदा दिएको सबैला नगरपालिकाका मेयर कारीराम यादवले बताए । त्यस्तै कमला नगरपालिकाले बिहीबार र शुक्रबार गरी दुई दिनको सार्वजनिक विदा दिएको कमला नगरपालिकाका मेयर विश्वेश्वर यादवले बताए ।

विदाको दिन नगरपालिका अन्तर्गत सम्पूर्ण सामुदायिक विद्यालय, वडा कार्यालय, स्वस्थ्य संस्था र नगर कार्यपालिकाको कार्यालयसमेत सार्वजनिक विदा रहने मेयर यादवले बताए ।

# विद्यापति स्मृतिमा झाँकी प्रर्दशन




**मनोज माझी**

राजविराज । मैथिली भाषा साहित्यका महाकवि विद्यापतिको स्मृतिको अवसर झाँकी प्रर्दशन गरेको छ ।

राजविराजमा बिहीबार मातृभाषा मैथिली भाषा, साहित्य, संस्कृति र महाकवि विद्यापतिको महत्व झल्किने झाँकीका साथ प्रर्दशन गर्दै नगर परिक्रमा गरेको थियो ।

बाजागाजा सहित निस्केको झाँकी प्रर्दशनका क्रममा मिथिला क्षेत्रमा लोप हुन लागेको ढोल, पिपही, काठे हलो, जुवा, घोड सवारी, गोरुगाडा, कोसेली लैजाने प्रयोग गरिने बाँसको भार लगायतको समेत प्रर्दशन गरिएको थियो ।

मैथिली साहित्य परिषद् सप्तरीको अगुवाइमा गरिएको झाँक ी प्रर्दशन कार्यक्रममा ब्रह्मा कुमारी राजयोग सेवा केन्द्र, निर्माण व्यवसायी संघ, विभिन्न संघ संस्थाका प्रतिनिधि, विद्यार्थी, पत्रकारलगायत ठूलो संख्यमा सर्वसाधारण समेत सहभागी भएका थिए । राजविराजको नगर परिक्रममा पश्चात जुलुश जिल्ला समन्वय समितिको सभाकक्षमा पुगी श्रद्धाञ्जली सभा, सांस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण समारोहमा परिणत भएको थियो ।

मैथिली साहित्य परिषद् सप्तरीका अध्यक्ष अवधेश कुमार झाको अध्यक्षतामा आयोजित सभामा जिल्ला सम्वय समितिका प्रमुख शिव नाराण साह, प्रमुख जिल्ला अधिकारी भोला दाहाल, मैथिली साहित्य परिषदका पुर्व अध्यक्षद्वय विष्णु मण्डल, अशोक कुमार झालगायतकाले मैथिली भाषा, सहित्य र संस्कृतिको जगेर्नाका लागि आ-आफ्नो सुझाव राखेका थिए ।

# 'बीमाले अन्तराष्ट्रिय सम्बन्ध विस्तारमा समेत सहयोग पुर्‍याउँछ'

**टुडे समाचारदाता**

राजविराज । नेपाल बीमा प्राधिकरण मधेश प्रदेश कार्यालका प्रमुख प्रिती देवले विमाले अर्न्तराष्ट्रिय सम्बन्ध विस्तार गर्न समेत सहज हुने कुरा बताएकी छन् ।




राजविराजमा बिहीबार प्राधिकरणद्वारा आयोजना गरिएको सप्तरीका पत्रकार हरुसंगको अन्तरक्रिया तथा छलफल कार्यक्रममा उनले बीमा कम्पनीहरुलाई नियमको परिधि भित्र रहेर काम गरे/नगरेको अनुगमन गर्ने समेत अधिकार राख्ने बताइन् ।

उनले पद्धति मिचेर काम गर्ने बीमा कम्पनीहरुलाई कारबाही पनि गर्न सक्ने उल्लेख गरिन् ।

न्यून आय भएका व्यक्तिहरुलाई पनि बीमामा कसरी सहभागी गराउन सकिन्छ भन्ने सोचका साथ प्राधिकरणले काम गरिरहेको उनको भनाइ छ । नयाँ बीमा नियमावली आउने क्रममा रहेको बताउँदै उनले सो नियमावली न आउञ्जेलसम्म बीमा सम्बन्धि नियमावली २०४९ अनुसार नै काम गरिने बताइन् ।

बीमा सबैका लागि अत्यावश्यक रहेको दाबीका साथ उनले बीमा गर्दा कम्पनीको वैधता रहे/नरहेको, प्राधिकरणमा दर्ता भए/नभएको लगायतका विषयमा पूर्ण जानकारी लिएर मात्र बीमा गराउन उनले आग्रह गरिन् ।

पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण कुमार देवको प्रमुख आतिथ्यमा आयोजित सो कार्यक्रममा प्राधिकरणको मधेश प्रदेश कार्यालयका सहायक निर्देशक रोमिला शर्माले पनि सञ्चारकर्मीहरुको विभिन्न जिज्ञासाको जवाफल दिएकी थिइन् ।

# लागूऔषध चरेससहित ३ जना पक्राउ

**टुडे समाचारदाता**



वीरगञ्ज । ठूलो परिमाणमा लागूऔषध चरेससहित तीन जनालाई पर्सा प्रहरीले वीरगञ्जबाट पक्राउ गरेको छ ।

वीरगञ्ज महानगरपालिका-१५ स्थित भिस्वा होटलअगाडिको ४० फिटे सडक खण्डमा लागू औषध खरिद विक्री भइरहेको विशेष सूचनाका आधारमा खानतलासी गर्दा एक भारतीयसहित तीन जनालाई नियन्त्रणमा लिएको छ ।

पर्सा प्रहरीका प्रहरी नायव उपरीक्षक दीपक भारतीले दिएको जानकारी अनुसार जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय श्रीपुरको टोलीले ना.१५प ११५६ नम्बरको मोटरसाइकलमा सवार तीन जनालाई खानतलासी गर्दा २२ किलो ५ सय ग्राम चरेस बरामद भएको छ । पक्राउ पर्नेमा बाराको सिम्रौनगढ नगरपालिका-४ स्थित हरिहरपुरका २९ वर्षीय मकसुद अन्सारी, भारत विहारको आदापुर-९ का २९ वर्षीय मुकेश कुमार र सिम्रौनगढकै २० वर्षीय रामलाल सहनी रहेका छन् ।

प्रवक्तासमेत रहेका भारतीले उनीहरूले बोकेको कालो ब्याग र सेतो प्लास्टिकको बोराबाट ४५ प्याकेट ५०० ग्रामका दरले साढे २२ किलो चरेस फेला परेको बताए ।

उनीहरूविरुद्ध लागू औषधसम्बन्धी कसूरमा थप अनुसन्धान अगाडि बढाएको पर्सा प्रहरीले जनाएको छ ।

# एउटा भवन माथि दुई कार्यालयको दाबी

**बखतियार अलि**

मलंगवा । सर्लाहीमा एउटा सरकारी भवन माथि दुईवटा सरकारी कार्यालयले दाबी गर्न थालेपछि विवाद चुलिएको छ ।




वर्तमान अवस्थामा जिल्ला प्रशासन कार्यालय सर्लाही संचालनमा रहेको भवन माथि विवाद उत्पन्न भएको छ । आउँदो मंसिर महिनामा जिल्ला प्रशासन कार्यालय सर्लाही आफ्नो नवनिर्मित भवनमा सर्ने भएपछि तत्काल प्रशासन कार्यालय सर्लाही संचालनमा रहेको भवन आफूले पाउनु पर्ने भन्दै पूर्वाधार विकास कार्यालय सर्लाहीका प्रमुख संजय कुमार यादवले दाबी गरेका छन् । सोही भवनलाई जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल सिंहले पनि दाबी गर्न थालेपछि विवाद चुलिएको छ ।

तत्कालीन जिल्ला विकास समिति सर्लाहीले जिल्ला प्राविधिक कार्यालय बनाउने भनेर गरेको माइन्यूट, भवन निर्माणको टेण्डर लागत सबै प्रमाण रहेको भन्दै सो भवन आफूहरुले पाउनुपर्ने दाबी जिसस सर्लाहीका प्रमुख सिंहले गरे । सो भवन बनाउन पूर्वाधार कार्यालयको लाखौं रुपैयाँ लगानी समेत रहेकाले प्रमाणको आधारमा प्रशासन कार्यालय सरेपछि सो भवनमा पूर्वाधार कार्यालय संचालन हुनुपर्ने कार्यालय प्रमुख संजय कुमार यादवले माग गरे ।

जिल्ला समन्वय समिति सर्लाहीका प्रमुख कौशल सिंहले सो भवन तत्कालीन जिविसको सम्पति नै रहेकाले जिल्ला समन्वय समिति सर्लाहीले पाउनु पर्ने माग गर्दै आएका छन् ।

नेकपा एमाले सर्लाहीका अध्यक्ष राजनारायण साहले भने आमजनताको सेवा गर्न ठुलो भवनको कुरा नरहेको बताए । काम र सेवाको आधारमा वर्तमान जिल्ला प्रशासन कार्यालयको भवन पूर्वाधार विकास कार्यालय सर्लाहीले पाउनु पर्ने उनको भनाइ छ ।

एउटै भवन माथि दुईवटा सरकारी कार्यालयले दाबी गर्न थालेपछि स्थानीय राजनीतिक खिचातानी समेत शुरु भएको छ ।

# दैनिक ३ लाखबढी कमाउँदै पौडेल

**टुडे समाचारदाता**




मलंगवा । खाने मुखलाई जुगांले छेक्दैन भन्ने उखानलाई चरितार्थ गरेको छ, पौडेल परिवारले । नेपालमै केही गर्छु, देशमै बसेर राम्रो कमाई गर्ने निधो गरेर दाल भात बेचेर दैनिक ३ लाख रुपैयाँ कमाइ गरिरहेको छ, हेटौंडाका गौतम पौडेल ।

एक दशकभन्दा बढी समयदेखि हेटौंडा महानगरपालिकामा लोकप्रिय भोजनालय सञ्चालन गरेका पौडेल दम्पति अहिले नेपाली थाली अर्थात नेपाली खाना दाल, भात र तरकारी बेचेर दैनिक रुपमा लाखौं रुपैयाँ आम्दानी गरिरहेका छन् ।

नेपाली खानाको लागि लोकप्रिय भोजनालय अहिले हेटौंडामा मात्र प्रसिद्ध नभएर पूर्वको मेचीदेखि पश्चिममा महाकालीसम्मका नेपाली खानाको प्रतिक्षामा आगन्तुक पाहुनाहरु बीच अहिले लोकप्रिय भोजनालय प्रसिद्ध भएको छ । दुरदराजबाट आउने प्रर्यटक चाहे त्यो नेपाली होस वा भारतीय हेटौंडा पुग्दा खाना खानलाई एकमात्र होटल लोकप्रिय भोजनालयमा जाने गरेको सोही ठाउँमा खाजा पसल गरेका अनिश कार्की बताउँछन् । लोकप्रिय भोजनालयका सञ्चालक गौतम पौडेलको भनाइ अनुसार दैनिक रुपमा सादा नेपाली खाना २ सय रुपैयाँ र मासु भात बढीमा साढे ३ सय रुपैयाँमा खुवाउने गरेको बताए ।

पौडेलका अनुसार दैनिक रुपमा हजार देखि १२ सय रुपैयाँ प्लेट खाना आफूले बेच्ने गरेको संचालक पौडेलको भनाइ छ । उनले लोकप्रिय भोजनालयमा २२ जनालाई प्रत्यक्ष रुपमा रोजगारी समेत दिनु भएको छ । परिवारका अन्य सदस्य पनि सोही होटलमा कार्यरत रहेका छन ।

नेपाली खानाका पारखीहरु दैनिक रुपमा यहि खाना खानलाई आउने गरेको उनको भनाइ छ । स्वादिष्ट खानासंगै मुस्कान सहितको सेवा ग्राहकहरुलाई दिएपछि खानाका पारखीहरुको दैनिक रुपमा भीड नै लाग्ने गरेको छ । लोकप्रिय भोजनालयका सञ्चालक पौडेल भन्छन् । नेपाली युवाहरु अहिले विदेश जाने होडबाजीमा लागेर वैदेशिक रोजगारीमा जाने गरेको छ ।

वैदेशिक रोजगारीमा गएर युवाहरु दुख पाउँछन् । विदेशमा कतिपयले त ज्यान नै गुमाएको पनि खबर सुनिन्छ । थोरै लगानी, मेहनत र लाज त्यागे नेपालमै राम्रो आम्दानी गर्न सकिने लोकप्रिय भोजनालयका सञ्चालक पौडेलको भनाइ छ । धैर्य र लगन भए पनि युरोप अमेरिका भन्दा बढि पैसा इज्जत र प्रतिष्ठाका साथ नेपालमै कमाउन सकिन्छ । यसको ठूलो नजिर म छु, पौडेलले बताए । पौडेल दालभात बेचेर केही वर्षकै अन्तरालमा हेटौंडामा ३ वटा नया होटल सञ्चालन गरेको छ । छोरा छोरीलाई उच्च शिक्षा दिएको छ ।

समाजमा पनि राम्रो पहिचान बनाउनु भएको छ । पहिला पहिला सुरुमा जुन व्यक्तिहरुले जुठो भाडा माजेको देखेर हास्ने र मजाक उडाउनेहरु अचेल प्रशंसा गर्न थालेकोमा उनी खुसी छन् ।

# सिद्धार्थमा वीवीए शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम स्थित सिद्धार्थ इन्टरनेशनल कलेजले यस पटक देखि व्याचलर अफ विजनेश एडमिनेस्ट्रेशन (वीवीए) सञ्चालनमा ल्याएको छ । जनकपुरधाममा सञ्चारकर्मीहरु संग कुराकानी गर्दै क्याम्पसशिप राजु यादवले कक्षा १० सम्मको अध्यापन विद्यालय व्लक र प्लस टु देखि वीवीए सम्मको पठाई कलेज व्लकमा हुने जानकारी दिएका छन् ।

सिद्धार्थ शिशु सदनले प्रख्यात यस विद्यालयले शैक्षिक वातावरण अन्य विद्यालय र कलेज भन्दा पृथक राख्दै गुणस्तरमा कुनै सम्झौता नगरी बालबालिकाको उज्वल भविष्य बनाउने मुख्य मोटो रहेको क्याम्पसशिप यादवको भनाई थियो । उनले भने-'शिद्धार्थ शिशु सदनले गुणस्तरीय शिक्षामा जसरी कुनै सम्झौता गर्दैन त्यस्तै कलेजमा पनि कुनै सम्झौता हुनेछैन् ।'

जनकपुरधाम लगायतका क्षेत्रमा विगत ४३ बर्ष देखि गुणस्तरीय शिक्षा प्रदान गर्दै आई रहेका सिद्धार्थ शिशु सदनले निक्कै छोटो समयमा प्लस टुमा पनि विशिष्टताको गाथा कायम राख्दै वीवीएको पठन पाठन शुरु गरेको यादवले प्रतिवद्धता व्यक्त गरे। उनले पूर्ण अनुशासित शैक्षिक वातावरण, दक्ष तथा जिम्मेवार प्राध्यापक तथा प्रशासक, ४० भन्दा बढी छात्रछात्रा एक कक्षामा नराखिने, सीप तथा प्रायोगिक ज्ञान उन्मुख बैंक तथा उद्योग केन्द्रीत शिक्षण लगायतका सुविधामा छात्रछात्राको अध्ययन अध्यापन गराइ रहेको र आगामी दिनमा पनि जारी राख्ने प्रतिवद्धता जनाए ।

शिक्षाको अवस्थालाई थप बलियो र व्यवहारिक शिक्षाको अभावमा बर्षेणी हजारौं विद्यार्थीहरु विदेश पठन पाठन गर्न जानुलाई रोक्न सिद्धार्थ इन्टरनेशनल कलेज भरपर्दो प्रमाणित हुने दावी समेत उनले गरे । उनले भने-'जनकपुरधाममै सिद्धार्थले उच्च शिक्षामा पनि भरपर्दो अध्ययापन गराउने भएपद्धि यस क्षेत्रका छात्रछात्रालाई विदेश जाने आवश्यकता पर्दैन् ।'

सिद्धार्थले विगत देखिनै व्यावसायिक शिक्षामा जोड दिदैं आएको दावी गर्दै उनले निकट भविष्यमानै सिद्धार्थ स्कूल भैं कलेजले आफ्नो छाप छाड्ने दावी गरे ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८